# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३४० | काठमाडौं | शनिबार, २३ चैत २०८१ | Prabhab National Daily | Saturday, April 05, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीबीच बैंककमा भेटवार्ता

- करिब ४५ मिनेट एक्लाएक्लै भएको भेटवार्तामा मोदीसँग राम्रो कुराकानी भएको ओलीको भनाइ
- भेटवार्ता फलदायी रहेको भारतीय प्रधानमन्त्री मोदीको प्रतिक्रिया



■ प्रभाव संवाददाता

**काठमाडौं–** थाइल्याण्ड भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ। थाइल्याण्डको बैंककस्थित होटल माडारिन ओरियन्टलमा प्रधानमन्त्री ओलीको भारतीय प्रधानमन्त्री मोदीसँग करिब ४५ मिनेट एक्लाएक्लै भेटवार्ता भएको हो।

भारतीय प्रधानमन्त्री मोदीसँगको भेटमा सकारात्मक र राम्रो कुराकानी भएको प्रधानमन्त्री ओलीले बताए। भेटवार्तापछि बाहिरिने क्रममा संक्षिप्त प्रतिक्रिया दिँदै प्रधानमन्त्री ओलीले भने, 'म र भारतीय प्रधानमन्त्री मोदीजीबीच राम्रो र सकारात्मक संवाद भएको छ।'

ओलीले भारतीय समकक्षी मोदीसँगको भेटवार्ता आत्मीय र सौहार्द्रपूर्ण रहेको बताए। भेटवार्ता सार्थक र रचनात्मक रहेको बताउँदै उनले सामाजिक सञ्जालमा भनेका छन्, 'हामीले नेपाल-भारत सम्बन्धका विभिन्न पक्षमा छलफल गर्यौं। विम्स्टेक शिखर सम्मेलनले उठान गरेका मुद्दाका साथै दुई देशीय सम्बन्ध र क्षेत्रीय सहकार्यलाई अगाडि बढाउन नयाँ साझेदारीका लागि यो संवाद महत्त्वपूर्ण हुने छ।'

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँगको सम्बन्धलाई भारतले ठूलो प्राथमिकता दिएको उनले बताए। उनले प्रधानमन्त्री ओलीसँग भएको भेटवार्ता फलदायी रहेको बताए। 'हामीले भारत-नेपाल मित्रताका विभिन्न पक्षहरू विशेषगरी ऊर्जा, कनेक्टिभिटी, संस्कृति र डिजिटल प्रविधिजस्ता क्षेत्रहरूमा छलफल गर्यौं,' सामाजिक सञ्जाल एक्समा नेपाली भाषामा लेख्दै प्रधानमन्त्री मोदीले भनेका छन्। उनले यस वर्षको बिम्स्टेक शिखर सम्मेलनबाट प्राप्त केही प्रमुख सकारात्मक परिणामहरू विशेषगरी विपद् व्यवस्थापन र समुद्री यातायातका क्षेत्रहरूमा पनि कुरा गरेको बताए।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौं शिखर सम्मेलन सकिएपछि उनीहरूबीच पूर्वनिर्धारित तालिकाअनुसार भेटवार्ता भएको हो। यसअघि उनीहरूबीच संयुक्त राष्ट्रसंघको ७९औं महासभामा भाग लिने क्रममा संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा गत असोज ७ गते भेटवार्ता भएको थियो।

### 'थाइल्याण्डको औपचारिक भ्रमण ऐतिहासिक'

**बैंकक–** प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्याण्डको पहिलो औपचारिक भ्रमण ऐतिहासिक र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौं शिखर सम्मेलन सफल भएको बताएका छन्।

थाइल्याण्डको औपचारिक भ्रमण र बिम्स्टेकको शिखर सम्मेलनका क्रममा बैंककमा रहेका प्रधानमन्त्री ओलीले स्वदेश फर्कनु एक दिनअघि शुक्रबार प्रिदीबानोमयाङस्थित नेपाली राजदूतावासको कार्यालय अवलोकन गर्दै यो भ्रमण सफल रहेको बताए।

नेपाल र थाइल्याण्डबीच कूटनीतिक सम्बन्ध भएको ६६ वर्षको इतिहासमा नेपालका प्रधानमन्त्रीबाट थाइल्याण्डको भ्रमण भएको यो पहिलो अवसर हो। प्रधानमन्त्री ओलीले भ्रमण र शिखर सम्मेलनका क्रममा भएका द्विपक्षीय भेटवार्ताका क्रममा पनि ती मुलुकसँगको सम्बन्ध विस्तारमा थप बल पुगेको उल्लेख गरे।

क्रमशः पृष्ठ २ मा

# एकैसाथ ओली सरकारको निशानामा परे पाँच प्रतिपक्षी

### कुलमान घिसिङ, बालेन्द्र साह, रवि लामिछाने, रवीन्द्र मिश्र र दुर्गा प्रसाईं ओलीको निशानामा

कसको स्वार्थमा राज्यको सम्पूर्ण शक्ति ममाथि खनिएको थियो नेपाली जनताले देखेका छन्। नेपाली जनताले दिएको स्नेहले मलाई हार्न दिएको छैन।

■ **कुलमान घिसिङ**
निवर्तमान कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

न्यायको लडाइँ म अन्तिम सास रहुञ्जेल लडिरहन्छु। कुनै अपराध नगरेको भए पनि मलाई संसारकै सबैभन्दा ठूलो अपराधी जसरी व्यवहार गरिएको छ।

■ **रवि लामिछाने**
सभापति, रास्वपा




■ प्रभाव संवाददाता

**काठमाडौं–** केपी शर्मा ओली नेतृत्वको सरकारले पछिल्लो दुई हप्तामा एकैसाथ जनप्रिय प्रतिपक्षीमाथि एकैसाथ प्रहार गरेको छ। गत निर्वाचनबाट सरकारको तारोमा परेका कुशल प्रशासकदेखि जनप्रतिनिधि पछिल्लो हप्ता सरकारको रोषको घानमा परेका हुन्।

यो प्रक्रिया सबैभन्दा पहिले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङबाट सुरू भयो। कुलमान उज्यालो नेपालका नायकका रूपमा जनतामा स्थापित नाम हो। देशभर १८ घण्टा लोडसेडिङबाट आजित जनताले कुलमान प्राधिकरणमा आउनासाथ लोडसेडिङको कार्यतालिका फालेका थिए।

यसरी प्रशासनमा कुशल कुलमानलाई ओली नेतृत्वको सरकारले गत चैत १० गते बर्खास्त गर्यो। कार्यकाल चार महिना बाँकी छँदै कुलमानलाई सरकारले अपमानपूर्वक पटक-पटक स्पष्टीकरण सोधेर हटाएको हो। सरकारले हटाए पनि आफूलाई नेपाली जनताको माया जारी रहेको कुलमानले शुक्रबार पत्रकार सम्मेलन गर्दै भने। 'कसको स्वार्थमा राज्यको सम्पूर्ण शक्ति ममाथि खनिएको थियो नेपाली जनताले देखेका छन्,' कुलमानले भने, 'नेपाली जनताले दिएको स्नेहले मलाई हार्न दिएको छैन।'

क्रमशः पृष्ठ २ मा

### रास्वपा सभापति लामिछाने पक्राउ

**काठमाडौं (प्रस)–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पुनः पक्राउ परेका छन्। उच्च अदालत तुलसीपुरले शुक्रबार लामिछानेलाई थुनामा पठाउन आदेश दिएसँगै उनलाई साँझ प्रहरीले काठमाडौंको हात्तिगौडास्थित निवासबाटै पक्राउ गरेको हो। भद्रकालीस्थित जिल्ला प्रहरी परिसरमा राखिएका उनलाई शनिबार (आज) भैरहवा लैजाने तयारी छ।



सहकारी ठगी प्रकरणमा पाँच महिनाअघि पक्राउ परेका उनी जिल्ला अदालत रूपन्देहीबाट एक करोड रूपैयाँ धरौटीमा रिहा भएका थिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## 'नेपालमा मानव संसाधन विकासका लागि एओटिएस जापानको योगदान महत्त्वपूर्ण'




■ प्रभाव संवाददाता

ललितपुर- श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपालमा मानव संसाधन विकासका लागि एसोसिएसन फर ओभरसिज टेक्निकल कोअपरेसन एण्ड सस्टेनेबल पार्टनरसिप (एओटिएस) जापानको योगदान महत्त्वपूर्ण रहेको बताएका छन्।

एओटिएस जापान नेपाल एलुम्नाई सोसाइटीको आयोजनामा शुक्रबार यहाँ भएको साउथ एसियन फेडरेसन अफ एओटिएस एलुम्नाई सोसाइटी फेडेरेसनको १४औं अधिवेशन उद्घाटन सत्रमा उनले नेपालमा मानव संसाधन विकासका साथै जनशक्तिको गुणस्तर, व्यवस्थापन, प्रविधि तथा औद्योगिक विकासका क्षेत्रमा एओटिएस जापानले विगत ३४ वर्षदेखि स्वयंसेवी रूपमा योगदान दिँदै आएको भन्दै प्रशंसा गरे।

'नेपालको मानव संसाधन विकासलाई जापान तथा दक्षिण एसियाली मुलुकहरूसँग द्विपक्षीय तथा क्षेत्रीय सहयोगमार्फत प्रवर्द्धन गर्ने एओटिएस तथा यसका एलुम्नाईहरूको समर्पण, सामूहिक भावना तथा दृढ इच्छाशक्ति अत्यन्त प्रशंसनीय रहेको छ, यस सम्मेलनमा महत्त्वपूर्ण विषयमा गरिने छलफलहरू उपलब्धिमूलक हुने छन्,' उनले भने।

क्रमशः पृष्ठ २ मा

## दार्चुला र बैतडीमा आप्रवासी स्रोत केन्द्र सञ्चालनमा



**काठमाडौं (प्रस)–** सुदूरपश्चिमका दुई जिल्ला दार्चुला र बैतडीमा आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) सञ्चालनमा ल्याइएको छ। सुदूरपश्चिमको सामाजिक विकास मन्त्रालयद्वारा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम सामीको सहयोगमा ती जिल्लामा स्रोत केन्द्र सञ्चालनमा ल्याइएको हो।

जिल्ला प्रशासन कार्यालयमा रहने गरी सञ्चालनमा ल्याइएका दुवै केन्द्रको उद्घाटन सुदूरपश्चिम प्रदेशकी सामाजिक विकास राज्यमन्त्री सरस्वती खड्काले गरेकी हुन्। बैतडीमा बुधबार र दार्चुलामा शुक्रबार केन्द्रको उद्घाटन गरिन्।

उद्घाटनका क्रममा राज्यमन्त्री खड्काले वैदेशिक रोजगारीका विषयमा जानकारी नहुँदा कतिपय नागरिक ठगिएको बताइन्। उनले स्रोत केन्द्रले सुरक्षित वैदेशिक रोजगारीमा सहयोग पुग्ने विश्वास व्यक्त गरिन्।

सामी परियोजनाका प्रदेश कार्यक्रम अधिकृत पञ्चराम चौधरीले सुरक्षित वैदेशिक रोजगारी, रोजगारीमा जान आवश्यक पर्ने कागजपत्रबारे जानकारी, परामर्श, सहजीकरण गर्नेलगायत कामका लागि केन्द्रको स्थापना गरिएको जानकारी दिए। केन्द्रले सुरक्षित वैदेशिक रोजगारीका लागि सूचना र परामर्श सेवा उपलब्ध गराउनाका साथै वैदेशिक रोजगारीमा भइरहेको ठगी कम गराउने र ठगीमा परेकालाई क्षतिपूर्ति उपलब्ध गराउन, मृत्यु वा अंगभंग भएका कामदारको हकमा वैदेशिक रोजगार बोर्ड, सम्बन्धित निकायबाट प्रदान गर्ने आर्थिक सहायताका लागि सिफारिससमेत उपलब्ध गराउने उनले बताए।

सुदूरपश्चिमका सबै जिल्लामा आप्रवासी स्रोत केन्द्र सञ्चालनमा ल्याउने उद्देश्य रहेको र केही जिल्लामा सञ्चालनमा आइसकेका अधिकृत चौधरीले जानकारी दिए।

**वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन**

## प्रथम उपाध्यक्षमा हुसेनको स्वतन्त्र उम्मेदवारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही चैत २९ गते हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा अख्तर हुसेनले प्रथम उपाध्यक्ष पदका लागि स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन्। ओभरसिज इम्प्लोइमेन्ट प्रालिका अध्यक्ष हुसेनले संघलाई दलीय छायाँबाट मुक्त गर्ने एजेण्डाका साथ स्वतन्त्र उम्मेदवारी घोषणा गरेका हुन्।

दलीय भागबण्डाबाट बाहिर आएमात्र व्यवसायीको हितमा काम गर्न सकिने उनको भनाइ छ। तराई वैदेशिक रोजगार व्यवसायी समाजका वरिष्ठ उपाध्यक्षसमेत रहेका उनले कुनै पार्टीको शरणमा नगई व्यवसायीकोतर्फबाट चुनाव लड्न लागेको बताएका छन्।

राजनीतिक दलनिकटका उम्मेदवारले चुनाव जित्दा संघका लागि केही काम गर्न नसक्ने हुसेनको दाबी छ। 'दलको झण्डा ओडेर यो गर्छु, त्यो गर्छु भन्नेहरू झूठा हुन् भन्ने प्रमाणित भइसकेको छ। व्यवसायीहरूले यो कुरा बुझ्न थाल्नुभएको छ। त्यसैले मलाई जिताउनुहुन्छ भन्ने विश्वास छ,' हुसेनले भने।



**दलको झण्डा ओडेर यो गर्छु, त्यो गर्छु भन्नेहरू झूठा हुन् भन्ने प्रमाणित भइसकेको छ : हुसेन**

हुसेन अघिल्लो कार्यसमितिमा द्वितीय उपाध्यक्ष पदका लागि चुनावी मैदानमा उत्रिएका थिए। संघलाई पार्टीमुखी नभई व्यवसायीमुखी बनाउनुपर्छ भन्ने मान्यता राख्ने हुसेन संघको ३२ वर्षे इतिहासमा राजनीतिक पार्टीले व्यवसायीलाई दुःखबाहेक केही नदिएकोले त्यसलाई चिर्न स्वतन्त्ररूपमा उम्मेदवारी घोषणा गरेको दाबी गर्छन्।

युटचुबर र अभियन्ताको नाममा व्यवसायीलाई आतंकित बनाउने गतिविधि रोक्न आफूले भूमिका खेलेको हुसेनको दाबी छ। 'विगत २०-२५ वर्षदेखि व्यवसायीमाथि हुँदै आएको आक्रमण रोक्न मैले 'डिजिटल प्रतिकार'को अवधारणा ल्याएर कार्यान्वयन गराएँ। मेरै आइडियाले व्यवसायी सुरक्षित भए,' हुसेनको भनाइ छ।

यदि मतदाताले आफूलाई जिताए वार्षिक न्यूनतम १०० जना कामदार पठाउनुपर्ने प्रावधान हटाउन सशक्त पहल गर्ने उनको भनाइ छ। साथै, वैदेशिक रोजगार क्षेत्रको सिण्डिकेट हटाउन आफू लागिरहेको उनी बताउँछन्। 'सिण्डिकेट के का लागि हो ? सबैलाई व्यवसाय गर्न देऊ न, एक जनाले मात्र कति पैसा कमाउने हो र ?,' उनले भने।

संघको निर्वाचनमा राजनीतिक दलको सिण्डिकेट भएकाले खुलारूपमा अध्यक्षमा लड्न पाउने प्रावधान ल्याउने विषयमा काम गर्ने उनी बताउँछन्। हुसेनका अनुसार एकचोटि पदाधिकारी भएको व्यक्तिमात्र अध्यक्षमा चुनाव लड्न पाउने संघको विधानमा रहेको प्रावधान गलत छ।

## पृष्ठ १ बाट क्रमशः

### एकैसाथ ओली...

बिहीबार सर्वोच्च अदालतले आफ्नो मुद्दामा अन्तरिम आदेश नदिएसँगै कुलमानले पत्रकार सम्मेलन गरेका हुन् । धेरैले कुलमान अब राजनीतिमा जाने भनी अनुमान गरेका छन् । यसबारेको जिज्ञासामा कुलमानले भनेका छन्, 'मैले प्राधिकरणमा रहेर लोडसेडिङ अन्त्य गर्नेदेखि, संस्थालाई नाफामा लगेर जनतालाई सुविधा दिनेसम्मका कार्यहरू इमान्दारीपूर्वक सम्पन्न गरेको छु । यी सबै कार्यहरू नतिजामुखी नेतृत्व र जवाफदेहितामा आधारित थिए । मेरो प्रतिबद्धता सधैं जनताको सेवाप्रति समर्पित रहने छ । राष्ट्र निर्माणमा जहाँ मेरो आवश्यकता पर्छ, त्यहाँ योगदान दिन म सदैव तयार छु ।' यसैगरी सरकारले काठमाडौं महानगरका मेयर बालेन्द्र साहमाथि बिहीबार निशाना साँध्यो ।

मेयर साह दोलखा यात्रामा निस्केको मौका पारी सरकारले प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई हाजिर गराइछाड्यो । यसमा तीन महिनादेखि कर्मचारीको तलब रोकेको दोष मेयर साहमाथि छ । प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमालेका हेभीवेट उम्मेदवारलाई पराजित गरी काठमाडौंको मेयर बन्न सफल साह युवाहरूमाझ लोकप्रिय छन् । यद्यपि, पछिल्लो समय प्रशासकीय अधिकृतको लफडाले गर्दा कर्मचारीहरू उनीमाथि रुष्ट बनेका थिए । त्यसपछि उपमेयर सुनिता डंगोललाई प्रयोग गरी सरकारले त्यहाँ प्रमुख प्रशासकीय अधिकृत पठायो । जो काठमाडौं टावर निर्माण प्रक्रियामा अनियमित नक्सा स्वीकृतिको आरोप लागेका व्यक्ति हुन् । आरोपपछि गुरागाईंलाई बिदामा बस्न साहले भनेका थिए । त्यहीबीच सामान्य प्रशासन मन्त्रालयसमक्ष अर्को प्रमुख प्रशासकीय अधिकृत पठाउन मागसहित राय पठाएको थियो ।

मन्त्रालयले गुरागाईंलाई नै प्रमुख प्रशासकीय अधिकृतका रूपमा बहाल गर्ने निर्णय लियो । त्यसपछि मेयर साह प्रधानमन्त्री ओलीमाथि खनिए । प्रमुख प्रशासकीय अधिकृत नहुँदा आफ्ना कर्मचारीले तलब खान नपाएको महिनौं भएको भन्दै टुकुचामा गाडिदिनेसम्मको अभिव्यक्ति दिए । मेयर साह गुरागाईंलाई कुनै हालतमा कार्यालय आउन नदिने अड्डी कसेर बसेका थिए । यो कुरा उपप्रमुख सुनिता डंगोलसहित वडाध्यक्ष र कर्मचारीहरूलाई मन परेको थिएन । अन्ततः प्रमाणित हुन नसकेको आरोपका आधारमा प्रमुख प्रशासकीयलाई रोकेर तमाम कर्मचारीलाई अप्ठेरोमा पारेको उनीहरूको निचोड थियो । त्यसैले बिहीबार उनीहरूले आफ्नै बलमा गुरागाईंलाई कार्यकक्षमा छिराएर हाजिर गराए । सामाजिक सञ्जालमार्फत प्रतिक्रिया सार्वजनिक गर्ने बालेन यसपटक भने यो समाचार तयार पार्दासम्म मौन छन् ।

बलियो प्रतिपक्षको रूपमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पुनः पक्राउ परेका छन् । उच्च अदालत तुलसीपुरले शुक्रबार लामिछानेलाई थुनामा पठाउन आदेश दिएसँगै उनलाई शुक्रबार साँझ प्रहरीले काठमाडौंको हात्तिगौडास्थित निवासबाटै पक्राउ गरेको हो ।

यसैगरी व्यवस्थाविरोधी आवाजको नेतृत्व गरिरहेका दुर्गा प्रसाईं र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र पनि यही घानमा परेका छन् । प्रसाईं र मिश्रलाई चैत १५ गतेको प्रदर्शनमा सरकारले अपराधी करार गरिसकेको छ । राप्रपा वरिष्ठ उपाध्यक्ष मिश्र भोलिपल्ट पक्राउ परे भने प्रसाईं फरार छन् । दुवै जनाविरुद्ध व्यक्तिगत सम्पत्तिमा तोडफोड र आगजानी गरेकोलगायतको अभियोग सरकारले लगाएको छ ।

चैत १५ गते राप्रपासहित प्रसाईंको नेतृत्वमा राजसंस्था पुनर्स्थापनाको मागसहित काठमाडौंको तीनकुनेमा प्रदर्शन भएको थियो । उक्त प्रदर्शनमा दुई जनाको ज्यान गयो भने सयभन्दा बढी घाइते भए । दंगा नियन्त्रण गर्न प्रहरीले ५८ राउण्ड गोली प्रहार गरेको र गोली लागेर २० जना घाइते भएको खुलेको छ ।

■■■

### रास्वपा...

लामिछानेले एक करोड धरौटी खारेजी र साधारण तारेखमा छाड्नुपर्ने भन्दै फागुन २६ गते उच्च अदालत तुलसीपुर बुटवल इजलासमा निवेदन दिएका थिए । यसैगरी सरकारी वकिलको कार्यालयले भने फागुन १ मै लामिछानेलाई एक करोड धरौटीसहित तारेखमा रिहा गर्ने जिल्ला अदालतको आदेशविरुद्ध निवेदन दिएको थियो ।

जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पुगेका लामिछानेलाई न्यायाधीश रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले शुक्रबार बुटवलस्थित सुप्रिम सहकारी ठगीसम्बन्धी कसूर र संगठित अपराधसम्बन्धी मुद्दामा जिल्लाको आदेश उल्टाउँदै थुनामा पठाउने आदेश गरेको हो । सो मुद्दामा उच्चमा बिहीबारदेखि बहस सुरु भएको थियो ।

लामिछाने चैत १७ गतेमात्र पार्टी सभापतिका रूपमा फर्किएका थिए । प्रभावशाली प्रतिपक्षका रूपमा हेरिएका उनी सांसद बनेर छिट्टै सदनमा फर्कनसमेत हतारिएका थिए । चैत १७ गते सभापतिमा 'कमब्याक' गर्दै उनले आउँदो चुनावका लागि तयारी गर्न भनेका थिए । 'मैले ज्यान दाउमा राखें, तपाईंहरू पदको लोभ नगर्नुहोला । आउँदो चुनावमा योग्य उम्मेदवार छान्नुपर्छ, राम्राका लागि मैले छोड्नुपर्छ भने पनि म तयार छु । त्यसैले तपाईंहरूले पनि यस्तै सोचेर काम गर्नुहोला,' उनको भनाइ थियो ।

अदालतको आदेश आउनसाथ लामिछानेले आफूले गिरफ्तारी दिने घोषणा गरेका थिए । 'सम्मानित अदालतको आदेशको सम्मान गर्दै म आफैं आजै अहिले नै गिरफ्तारी दिँदै छु । साथै, न्यायालयका अन्य ढोकाहरू मेरा लागि खुल्ला होलान् नै । न्यायका लागि दुनियाँका सबै ढोका ढकढकाउँछु । म माथि ठूलो अन्याय भएको छ,' पक्राउ पर्नुअघि शुक्रबार साँझ लामिछानेले सामाजिक सञ्जाल फेसबुकमा लेखेका थिए ।

उनले अदालतबाट पक्राउ पुर्जी नआउँदै आफ्नो घरमा प्रहरी आइपुगेकोप्रति आपत्ति जनाए । 'मेरो घरभित्र प्रहरी छिरेको छ, बेडरूमसम्म आएको छ । तर मलाई कुनै कागज दिइएको छैन । यसरी विनाकुनै कारण प्रहरी तैनाथ हुनु, यो सबै चीजले ठूलो आशंका सिर्जना गरेको छ,' उनले भने, 'न्यायको लडाइँ म अन्तिम सास रहुन्जेल लडिरहन्छु । कुनै अपराध नगरेको भए पनि मलाई संसारकै सबैभन्दा ठूलो अपराधी जसरी व्यवहार गरिएको छ ।'

■■■

### थाइल्याण्डको...

प्रधानमन्त्री ओलीले थाइल्याण्डका प्रधानमन्त्री पेथोङथान शिनावात्रालाई नेपालको औपचारिक भ्रमणको निमन्त्रणा दिएका छन् भने दुईपक्षीय वार्ताका क्रममा संस्कृति, पर्यटनसहित आठ विषयमा सम्झौतामा हस्ताक्षर भएको थियो । प्रधानमन्त्री ओलीले आफ्नै जग्गामा नेपाली राजदूतावास सञ्चालन भएकामा खुसी व्यक्त गर्दै आगामी दिनमा यसका लागि थप पूर्वाधार विकास गर्नुपर्ने खाँचो औंल्याए ।

प्रधानमन्त्री नेतृत्वको भ्रमण दललाई स्वागत गर्दै थाइल्याण्डका लागि नेपाली राजदूत धनबहादुर वलीले दूतावासको आफ्नै जग्गामा भवन भए पनि नयाँ भवन बनाउनुपर्ने र जग्गा पनि थप विस्तार गर्नुपर्ने अवस्थाबारे जानकारी गराएका थिए । शुक्रबार साँझ दूतावासले प्रधानमन्त्री ओलीको सम्मानमा स्वागत समारोह आयोजना गरेको थियो ।

शिखर सम्मेलनले यस क्षेत्रको व्यापार विस्तार, सम्पर्क सञ्जाल र मानवीय सुरक्षालाई केन्द्रमा राखेर सम्मेलनले समृद्धि, अनुकूलन र खुलापनको नाराअन्तर्गत बिम्स्टेक बैंकक भिजनसहित छबुँदे प्रस्ताव पारित गरेको छ । रासस

■■■

### नेपालमा मानव...

मन्त्री भण्डारीले नेपालमा एओटिएसको निरन्तर सक्रियता तथा यसको योगदानले यहाँको औद्योगिक विकास, व्यवस्थापन तथा प्रविधिगत नवप्रवर्तनमा दीर्घकालीन प्रभाव पार्ने विश्वास व्यक्त गरे । उनले सम्मेलनका माध्यमबाट दक्षिण एसियाली मुलुकहरूबीच आपसी समझदारी, प्रविधि आदानप्रदान तथा व्यावसायिक अवसरहरू सृजना गर्नेसमेत बताए ।

नेपाल एओटिएस एल्मुनाई सोसाइटीका अध्यक्ष किशोरभक्त माथेमाले यस सम्मेलनले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा मानव संसाधन विकासका क्षेत्रमा अग्रसर राष्ट्रका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको बताए । शनिबारसम्म सञ्चालन हुने अधिवेशनमा बांगलादेश, भारत, जापान, नेपाल र श्रीलंकाका अल्मुनाई सोसाइटीका ५० भन्दा बढी प्रतिनिधि तथा सहभागीहरूको उपस्थिति रहेको उनले जानकारी दिए ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय**
सल्लेरी, सोलुखुम्बु

**हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

यस सोलुखुम्बु जिल्ला साविक जुबु गा.वि.स. वडा नं. ४ भई परिवर्तित थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ४ बस्ने गंगालाल राईको नातीहरु गोरे राईको छोराहरु ना. प. १८७७/५१० जारी मिति २०४८/०५/१७ सोलुखुम्बुको भक्त बहादुर राई समेतले हाम्रो बुबा जगत बहादुर राईको मिति २०७०/०४/२२ मा तथा हाम्रो एकमात्र आमा मुगा माया राईको मिति २०४६/१२/३० मा मृत्यु भईसकेकोले मृतक बुबा आमाको कानुनी हकदार हामी दुई जना छोराहरु भक्त बहादुर राई र जस बहादुर राई मात्र भएकोले मृतक बुबाको नाउँमा नाप नक्सा दर्ता कायम भई हाम्रै हकभोग चलनमा रहेको कोही कसैलाई हक हस्तानतरण नगरेको हाल सम्म श्रेस्ता कायम समेत नगरेको सक्कल धनी प्रमाण पुर्जा हराएकोले नापी फिल्डबुकको आधारमा हाम्रो संयुक्त नाउँमा बेस्ता कायम नामसारी गरी पाउँ भनी द.नं. १५३५ मिति २०८१/१२/१४ को निवेदनबाट माग दावी गरेकाले माग बमोजिम निवेदकका नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी सामने भए ठोस सबुत प्रमाणसहित यो सूचना प्रकाशित भएको र टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ दिनभित्र यस कार्यालयमा सप्रमाण दाबी उजुर गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपशील

**श्रेस्ता कायम र नामसारीका लागि माग गरेको जग्गाको विवरण:**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | जुव | ४ | १५४ | ३००० | श्रेस्ता कायम नभई सकल धनी प्रमाण पुर्जा हराएकोले श्रेस्ता कायम नामसारी माग भई आएको । |

इति संवत् २०८१ साल चैत्र महिना २१ गते रोज ०५ शुभम् ..........।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलंगवा

**३५ दिने सार्वजनिक सूचना**

जिल्ला सर्लाही साविक गा.वि.स.अत्रौली वडा नं. (हाल हरिवन न.पा.वडा नं.२ मा बस्ने पराले माझी र अनुप तत्मा नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक गा.वि.स.अत्रौली वडा नं.(हाल हरिवन न.पा. वडा नं.२ मा बस्ने **फुल कुमारी तमाङ्ग**को नाममा दर्ता कायम रहेको तपसिल वमोजिम जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स.अत्रौली वडा नं. (हाल हरिवन न.पा. वडा नं.२ मा बस्ने **पराले माझी र अनुप तत्मा**को नाम उल्लेख रहेकोमा जग्गा धनीको घरबारीको मोही लगतकट्टा गरी पाऊँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८१/१२/१५ गतेमा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिनभित्र आफू वा ऐन वमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम मोही लगतकट्टा तर्फको कार्वाही भैजाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।



**युएइमा रोजगार**

कम्पनी : GULF CONTRACTORS COMPANY - LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/२२ LT. No. 321568 चलानी नं. ६०२३५६५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 40 | 0 | 800 | २९,६१३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Black Smith/Rod Binder/Steel Fixer | 10 | 0 | 1200 | ४४,४१९ | | | | | | | |
| 3 | Carpenter | 10 | 0 | 1200 | ४४,४१९ | | | | | | | |
| 4 | Labour | 104 | 0 | 800 | २९,६१३ | | | | | | | |
| 5 | Plumber | 21 | 0 | 1200 | ४४,४१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
Permission No. 1676/080/081



**कुवेतमा रोजगार**

कम्पनी : AL-SHARAN MARKET FOR NON-FOOD STUFF

पूर्व स्वीकृति मिति : २०८०/११/१३ LT. No. 300551 चलानी नं. ६०२१५४५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 10 | 0 | 150 | ६६,२९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Inside Worker/labor/helper | 40 | 0 | 90 | ३९,७७५ | | | | | | | |
| 3 | Salesman | 30 | 0 | 140 | ६१,८७० | | | | | | | |
| 4 | Security Guard | 10 | 0 | 150 | ६६,२९० | | | | | | | |
| 5 | Techinician | 5 | 0 | 150 | ६६,२९० | | | | | | | |

कम्पनी : AL MERINGI PLUS RESTAURANT AND CAFE

पूर्व स्वीकृति मिति : २०८१/०१/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२२ LT. No. 303871 चलानी नं. ६०२१८६४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/juice Maker/coffee Maker/bartender | 5 | 0 | 155 | ६६,५०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 3 | 0 | 130 | ५७,४५० | | | | | | | |
| 3 | Cook/chef/chef Assistant/preparer | 6 | 0 | 160 | ७०,७०५ | | | | | | | |
| 4 | Supervisor/controller/superior | 2 | 0 | 200 | ८८,३८५ | | | | | | | |
| 5 | Waiter/waitress | 8 | 0 | 150 | ६६,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**Office of the Rural Municipal Executive**
*Soru Rural Municipality, Jima, Mugu*

**Invitation for Bids**

Invitation for Bids No: SRM/MUGU/NCB/WORKS/RC03/2081-082
Date of publication: 4th April, 2025 (2081 Chaitra 22)

1. ***The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** invites Electronic bids from Nepalese eligible bidders for the construction of ***Roadway Excavation work of Susane Odar dekhi Bhalate Khola Samma Sadak Nirman*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 4,778,665.17 (excluding VAT and PS).
2. A complete set of Bidding Documents may be purchased from the online portal of PPMO by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee till ***4th May, 2025 (2082 Baishakh 21)*** 12:00 noon
Information to deposit the **cost of bidding document** in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Sorukot, Mugu
Name of Office: The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu Office Code no.: 80106303
Office Account no.: 4510100301010002
Name of account: Soru Ga.Pa.(Ga-1-1)-Antarik Rajaswa Rajaswa (revenue) Shirshak no. : 14229
Bid document Fee: 3000/-
For Bid security (In case of cash deposite) Deposit Account No. 4010100303000002
Name of account: Soru Ga.Pa.(Ga-3-1)-Dharauti Khata
3. Pre-bid meeting shall be held at ***The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** at 23rd ***April, 2025 10:00am (2082 Baishakh 10)***
4. Electronic bids must be submitted to The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu through PPMO website www.bolpatra.gov.np/egpon. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***4th May, 2025 (2082 Baishakh 21)*** **13:00** at The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu.
6. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***1,20,000/-,*** which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 1st September, 2025) (2082 Bhadra 16)***.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidders may obtain further information and inspect the Bidding Documents at **The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, ito.sorumun@gmail.com, 9858366277, 9844905742** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, २३ चैत, २०८१

| | |
|---|---|
| **मेष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | रोकिएका काम सम्पादन हुनेछ । |
| **सिंह** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मकर** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मीन** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ चैत, २०८१ (५ अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रैन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङ्गेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



भैरव नाच | भक्तपुर दरबार स्क्वायरमा हलिं नेवा दबुले शुक्रबार आयोजना गरेको आठौं नेवा दिवस कार्यक्रममा भैरव नाच प्रस्तुत गर्दै कलाकार ।
*तस्बिर: लक्ष्मी गारु/रासस*

# कामपाले ल्यायो घुम्ती खाद्य प्रयोगशाला सञ्चालन

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँगको सहकार्यमा खाद्य सेवासँग सम्बन्धित बजार अनुगमनमा घुम्ती खाद्य प्रयोगशाला सञ्चालन थालेको छ ।

बिहीबार कामपाकी उपप्रमुख एवं अनुगमन संयोजक सुनिता डंगोलले थापाथलीस्थित प्रसूतिगृह र नर्भिक अस्पतालका क्यान्टिनका खाद्य वस्तुका नमूना संकलन तथा परीक्षण कार्यको शुभारम्भ गरेकी हुन् । त्यस क्रममा संयुक्त अनगुमन टोलीले खाद्य व्यवसाय सञ्चालन हुने स्थानको खाद्य स्वच्छता तथा गुणस्तर निरीक्षण, खाद्य नमूनाको स्थलगत परीक्षण विश्लेषण गरेको थियो ।

घुम्ती प्रयोगशालाबाट हुने कामका विषयमा जानकारी लिँदै उपप्रमुख डंगोलले खाद्य स्वच्छताबाट उपभोक्ता अधिकार सुरक्षित गराउन घुम्ती प्रयोगशालाबाट तथ्यमा आधारित विवरण प्राप्त हुने बताइन् । यसबाट प्राप्त हुने नतिजाका विषयमा कुरा गर्दै उनले भनिन्, 'स्वच्छ खाद्य व्यवसायका लागि वैज्ञानिक कार्यक्रम तर्जुमा गर्न घुम्ती प्रयोगशालाबाट महत्त्वपूर्ण आधार निर्माण हुने छ ।'

कामपाको सहकार्यबाट गुणात्मक नतिजा प्राप्त हुने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका उपमहानिर्देशक सोमकान्त रिजालले अपेक्षा गरे । परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको चमेनागृह (सुनिल क्यान्टिन), स्टाफ क्यान्टिन (मनकामना माई क्यान्टिन), अस्पतालको निःशुल्क खाजा, सुप तथा अन्य बिरामीका लागि तयार गर्ने भान्सा र नर्भिक अस्पतालको क्याफे केयर प्रालिको अनुगमन निरीक्षण गरिएको हो ।

अनुगमनका क्रममा सुनिल क्यान्टिन र मनकामना क्यान्टिनबाट दूध, पानी र खानेतेलको स्थलगत नमूना संकलन र परीक्षण



गरियो । घुम्ती प्रयोगशालाको परीक्षणबाट यी खाद्यवस्तुको गुणस्तर मापदण्डअनुसारको पाइएको छ । यस्तै क्यान्टिनबाट लिइएको मःमःसँग खाने अचारको नमूना लिएर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको राष्ट्रिय खाद्य तथा दाना 'रिफरेन्स' प्रयोगशालामा परीक्षणका लागि पठाइएको छ ।

नर्भिक अस्पतालको क्याफे केयरबाट नमूना लिइएको क्रिम दुनटको नमूना पनि 'रिफरेन्स' प्रयोगशालामा पठाइएको छ । कामपाका 'फुड टेक्नोलोजिस्ट' भारती अधिकारीका अनुसार स्त्रीरोग अस्पतालको चमेनागृहमा मासु तथा मासुजन्य पदार्थ र तरकारी तथा सागसब्जीसँगै राखिएको पाइएको थियो । ग्यास चुलो, रेफ्रिजरेटर फोहोर अवस्थामा भेटिएको र व्यक्तिगत सरसफाइमा कमजोर देखिएको उनले जानकारी दिए । उनका अनुसार लेबल नभएको खाद्य सामग्रीको प्रयोग भेटिएको र 'सिन्थेटिक' रङको अनुचित प्रयोग भेटिएको थियो ।

# कमलपोखरी पुनःभरण गरी पानीको सतह यथावत् राख्न निर्देशन

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले कमलपोखरीमा पुनःभरण गरेर पानीको सतह यथावत् राख्ने प्रणाली विकास गर्न निर्देशन दिएकी छन् । कमलपोखरी पुनर्निर्माण गुरुयोजनाअन्तर्गत दोस्रो चरणमा भइरहेका कामको शुक्रबार अनुगमन गर्दै उनले सार्वजनिक निर्माण विभाग र उद्यान तथा हरियाली प्रवर्द्धन आयोजनाका अधिकारीलाई यस्तो निर्देशन दिएकी हुन् ।



पोखरी वरिपरि राखिएका चैत्य तथा मूर्तिमा आगन्तुकले क्षति गरेको देखेपछि उनले सिसिटिभी क्यामरामार्फत अनधिकृत क्रियाकलाप निगरानी गर्ने प्रबन्ध गरिने बताइन् । करिब २३ रोपनी क्षेत्रफलमा फैलिएको पोखरीलाई परम्परागत, सांस्कृतिक र पर्यटकीयरूपमा विकास गर्ने गुरुयोजनाअनुरूप यहाँ पुनर्निर्माण भइरहेको छ । गुरुयोजनाको पहिलो चरणमा करिब छ करोड ३६ लाख रूपैयाँको लागतमा पोखरी र यससँग सम्बन्धित संरचना निर्माण गरिएका छन् ।

दोस्रो चरणमा पोखरीको सौन्दर्यीकरण र मर्मतको काम भइरहेको छ । यसका लागि तीन करोड छ लाख आठ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको छ । गत भदौ १९ गते कार्यादेश दिइएको यो योजना आगामी साउन १५ गतेभित्र सम्पन्न गर्नुपर्ने छ ।

यस्तै, टयाक्टिकल अर्वनिजम (सडक तथा फुटपाथ किनाराको सौन्दर्य) का लागि उद्यान तथा हरियाली आयोजनाले काम गरिरहेको छ । साविकमा प्रहरी बिट रहेको करिब पाँच रोपनी क्षेत्रफलमा पार्क निर्माण भइरहेको छ । सिमाना पर्खालबाहिर टयाक्टिकल अर्बनिजमअन्तर्गत फल्चाशैलीमा परम्परागत बस बिसौनी, पैदलयात्रीले पोखरी र सडकको अवलोकन गर्न मिल्ने ठाउँ, बिरुवा तथा फूल रोप्ने र सानो पार्क बनाउने काम भइरहेका छन् ।

यस वर्ष टयाक्टिकल अर्वनिजमका लागि करिब दुई करोड रूपैयाँ लागतमा करिब ३२ ठाउँमा काम भइरहेको महानगरले जनाएको छ । यसअन्तर्गत पोखरीका चार कुनामा कमल रोप्ने र माछा राख्ने कामसमेत हुने छन् । पोखरीको वरिपरि पैदलमार्ग छ । चिल्ड्रेन पार्क, मकराकृतिका ढुंगेधारा, अपांगतामैत्री शौचालय, खुला व्यायामशाला र उद्यान कमलपोखरीका विशेषता हुन् । पोखरीका चार कुनामा आकर्षक र संस्कृति झल्किने मण्डप छन् । पूर्वतिर मूलढोकासँगै एउटा ठूलो पोखरी र त्यसको वरिपरि पाँचवटा मण्डप छन् ।

# सामाजिक परिचालिकाको समस्या समाधानमा सांसदहरूको चासो

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका सांसदहरूले 'सामाजिक परिचालिका'हरूको समस्या यथाशीघ्र नीति बनाएर समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक मामिला समितिको आजको बैठकमा सांसदहरूले आफ्नो जीवनको ऊर्जाशील समय र शक्ति व्यतीत गरी विगत २३ वर्षदेखि सरकारको जिम्मेवार निकायमा सेवा गरेका २१० जना सामाजिक परिचालिकाको समस्या यथाशीघ्र समाधान गर्नुपर्नेमा जोड दिएका हुन् ।

सांसद रोशन कार्कीले सरकारले सामाजिक परिचालिकाको श्रम शोषण गर्न नहुने उल्लेख गर्दै पीडित परिचालिकाहरूसँग आवश्यक छलफलपछि सरकारले श्रमको सम्मान हुनेगरी नीति बनाएर व्यवस्थापन गर्नुपर्ने बताए । सामाजिक परिचालिकाको समस्या समाधान स्थानीय र प्रदेश सरकारलेभन्दा पनि संघीय सरकारले गर्नुपर्ने उनको भनाइ छ ।

सांसद सुशीला श्रीमाइली ठकुरीले परिचालिकाबारे प्रदेश सरकारले स्पष्ट कार्यविधि बनाएर समस्या समाधानको पहल गर्नुपर्ने धारणा राखिन् । सांसद लक्ष्मी तिवारीले परिचालिकाको समस्यालाई लिएर एक मन्त्रालयले अर्कोलाई देखाउँदै पन्छाउनेभन्दा सरोकार भएका निकायबीच छलफल गरी समाधान खोज्नुपर्ने बताइन् । सांसद सरस्वती बजिमयले सामाजिक पहिचालिकालाई सरकारले अन्याय गरेको भन्दै सहज समाधानको उपाय अपनाउनुपर्नेमा जोड दिइन् ।

सोही अवसरमा महिला सामाजिक परिचालिका राष्ट्रिय अभियानकी संयोजक कविता सोडारीले उमेर पुगेर सेवामा फर्किन नचाहनेहरूका लागि हालसम्मको योगदानबापतको रकम दिनुपर्ने माग गरिन् । महिला विकास कर्मचारीलाई जस्तै सामाजिक परिचालिकाबीच पनि आन्तरिक प्रतिस्पर्धा गराई समेटिनुपर्ने उनको भनाइ छ ।

'सेवाबाट वञ्चित गराइएकालाई सेवा निरन्तरता दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तत्काल बजेटसहितका कार्यक्रम सञ्चालन गर्नुपर्छ । सम्पर्क, समन्वय र सहजकर्ताका रूपमा लक्षित वर्ग तथा समुदायको हकमा कार्यरत सामाजिक परिचालिकाहरूलाई सेवामा फर्काइनुपर्छ । हरेक पालिकमा महिला विकास कार्यक्रममार्फत पुनर्जागरण अभियान सञ्चालन गरी तत्काल सेवामा जोडिनु/समेटिनुपर्छ,' उनले भनिन् ।

हाल सामाजिक परिचालिकाको कार्यरत अवस्था, श्रेणी र पारिश्रमिकतामा एकरूपता नभएको हुनाले कार्यविधि बनाएर साबिकको स्थानीय विकास मन्त्रालयअन्तर्गत छैटौं र सातौं (वरिष्ठ सामाजिक परिचालिका) पद/श्रेणी कायम हुनुपर्ने सामाजिक परिचालिकाको माग छ ।

## जुम्लाका दुई विकट वडा सडक सञ्जालमा जोडिए

**जुम्ला (प्रस)–** तातोपानी गाउँपालिकाका दुई वडा सडक सञ्जालमा जोडिएका छन् । पालिकाको विकट वडा मानिने ७ र ८ वडालाई सदरमुकामसम्म जोड्ने उद्देश्यले सडक निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए ।

गाउँपालिका अध्यक्ष चौलागाईंले भने, 'सडक सञ्चालन भएसँगै तातोपानी गाउँपालिका-७ र ८ का बासिन्दाहरूले लामो बाटो हिँड्नुपर्ने कष्टबाट मुक्ति पाएका छन् । यसअघि यी वडाका बासिन्दाले तिला गाउँपालिकाहुँदै यात्रा गर्नुपर्ने बाध्यता थियो ।

'सडक निर्माणलाई पालिकाले विशेष प्राथमिकतामा राखेर काम गरेको छ । विकट क्षेत्रलाई पालिकाको केन्द्रसँग जोड्ने योजना सफल भएको गाउँपालिका अध्यक्ष चौलागाईंले जानकारी दिए । सडकलाई कालोपत्र गर्न बजेट अभाव रहेकाले हाललाई ग्राभेलसम्म गर्ने योजना रहेको उनले सुनाए ।


नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**हेभी ईक्वीपमेण्ट डिभिजन, मिनभवन, काठमाडौँ ।**

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२३)**

यस डिभिजनलाई आबश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरुबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्रहरु आह्वान गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५औ दिनसम्म कार्यालय समय भित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दर भाउपत्र फारम प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | HEDKTM/SQ/ GOODS/07/ 2081-082 | Automotive Tyre Set – One Lot | १,०००. | ४००००। | विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ । |
| 2 | HEDKTM/SQ/ GOODS/08/ 2081-082 | Spare Parts of Isuzu Vehicles - One Lot | १,०००. | ४००००। | |
| 3 | HEDKTM/SQ/ GOODS/09/ 2081-082 | Spare Parts of Ford Vehicles - One Lot | १,०००. | ४००००। | |
| 4 | HEDKTM/SQ/ GOODS/10/ 2081-082 | Spare Parts of Toyota Vehicles - One Lot | १,०००. | ४००००। | |
| 5 | HEDKTM/SQ/ GOODS/11/ 2081-082 | Spare Parts of Nissan Vehicles - One Lot | १,०००. | ३००००। | |
| 6 | HEDKTM/SQ/ GOODS/12/ 2081-082 | Automotive Lubricants –One Lot | १,०००. | २५०००। | |

**नोट : विस्तृत सूचनाका लागी यस कार्यालयको सूचना पाटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।**



**बोलपत्रद्वारा वन पैदावार लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१/१२/२३ गते**

यस नमूना सामुदायिक वन उपभोक्ता समूह राक्सिराड., ५ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ६८ को ६२३.१५ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री नमूना सामुदायिक वन उपभोक्ता समूह**
**राक्सिराड.५ मकवानपुर**



**बोलपत्रद्वारा वन पैदावार लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१/१२/२३ गते**

यस सुन्दर सामुदायिक वन उपभोक्ता समूह मनहरी-६ मकवानपुरले आ.व. २०८१/०८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भएअनुसार ढलापाडा रुखहरूबाट सङ्कलन भएको काठ/दाउरा उपभोक्तालाई विक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याइको बाँकी रहेको साल समेतको गोलिया थान ४१५ को २८४७.३८ क्यू.फि.काठ, दाउरा ७ चट्टा र जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएको काठ आपूर्ति समितिले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ४९ को ४००.१६ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत् लिलाम विक्री गर्नुपर्ने भएको हुँदा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरी २२औँ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सुन्दर सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी–६, मकवानपुर**



**बोलपत्रद्वारा वन पैदावार लिलाम विक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१/१२/२३ गते**

यस जनजागृति सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ-८ मकवानपुरले आ.व.२०८१/०८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भएअनुसार ढलापाडा रुखहरूबाट सङ्कलन भएको काठ/दाउरा उपभोक्तालाई विक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याइको बाँकी रहेको साल समेतको गोलिया थान २८२ को २३५४.२२ क्यू.फि.काठ र दाउरा ४.०० चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुँदा जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरी २२औँ दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री जनजागृती सामुदायिक वन उपभोक्ता समूह**
**राक्सिरा–८, मकवानपुर**

# कामको खोज्दै वीरगञ्जको घण्टाघर धाउनेहरू...

**हिमाल लम्साल**/वीरगञ्ज

वीरगञ्जको घण्टाघर चोकमा अवस्थित घडीको सुईमा बिहानको ६ बजेपछि वीरगञ्ज आसपासबाट कामको खोजीमा आउने श्रमिकहरूको चहलपहल ह्वात्तै बढ्ने गर्छ । घण्टाघर चोकको छेवैमा रहेको नेपाल टेलिकमको भवन अगाडिको मुख्य सडकमा साइकल पार्किङ गरेर श्रमिकहरू सडकमा नै रोजगारदाताको पर्खाइमा बसिरहेका हुन्छन् ।

सडकमा बसिरहेका श्रमिकतर्फ फर्किएर नजर लगाउने नयाँ मान्छे देख्नेबित्तिकै कामको खोजीमा आएका श्रमिकहरू काम दिने नाइके वा रोजगारदाताको मान्छे हो कि ? भनेर दौडिएर झुम्मिने गर्छन् । यो दृश्य घण्टाघर चोकमा वर्षौंदेखि जारी छ । अन्य दिनजस्तै चैत २१ गते पनि वीरगञ्ज महानगरपालिका-२३ प्रसौनी बिर्ताका रामबालक चौहान बिहानको नृत्यकर्म सकेपछि कामको खोजीमा वीरगञ्जको घण्टाघर चोकमा आएका छन् ।

'कति बेला काम दिने नाइके आउँछन् भनेर हेरेको हेर्‍यै गरेका हुन्छौं,' घण्टाघरतर्फको घडीको सुई देखाउँदै चौहानले भने, 'हेर्नुस् त अहिले बिहानको ९ बजिसक्यो, काम दिने मान्छे अहिलेसम्म आइपुगेका छैनन् ।' ४७ वर्षे चौहान आफ्नै गाउँघरमा काम नपाएपछि रोजीरोटी चलाउनका लागि घण्टाघर धाउनुपर्ने बाध्यतामा रहेको सुनाउँछन् । चौहान आफू राजमिस्त्री भएको बताउँछन् । 'आफ्नै गाउँघरमा काम पाए त किन यहाँ धाउनुपर्थ्यो र ?,' उनले भने, 'छ छोरी र एक छोरा पाल्नुपर्ने बाध्यताले नै यहाँसम्म डोर्‍याएको हो । दुःखजिलो गरेर भए पनि छोराछोरीलाई राम्रो शिक्षादीक्षा पनि दिएको छु ।'

चौहानले काम पाउँदा आफूले दैनिक ९०० रूपैयाँ कमाई गर्ने बताउँछन् । 'जग्गाको नाउँमा पाँच धुर जग्गामा एउटा घरमात्रै छ,' उनले भने, 'दैनिक ९०० रूपैयाँको ज्याला मजदुरीले आफूसहित नौजनाको परिवार पाल्नुपर्ने जिम्मेवारी छ ।' चौहानले नियमित काम नपाउँदा खान लाउन पनि समस्या हुने गरेको गुनासो गरे । वीरगञ्जको घण्टाघर चोकमा कामको खोजीमा भौतारिनेमा चौहान एक्ला छैनन् । उनीजस्तै दिनहुँ कामको खोजीमा यहाँ सयौं जना मजदुर आउने गर्छन् । यहाँ दिनहुँ कामको खोजीमा धाउनेमा वीरगञ्ज महानगरपालिका-२२ का ४५ वर्षे राज करिम पनि हुन् । 'काम पायो भने त सात जनाको परिवार पाल्न कुनै गाह्रो छैन,' उनले भने, 'काम पाएन भने त परिवारका सदस्यलाई के खुवाउने भन्ने चिन्ताले सताउने गर्छ ।' करिमका अनुसार वीरगञ्जमा 'लेबर' (मजदुर) काम गर्ने मजदुरको ज्याला पनि समान छैन । 'हाम्रो कामको कुनै दररेट छैन । कसैले एक दिनको ७५० दिन्छन् । कसैले ६०० के गर्नु काम नगरेर पनि भएन,' उनले गुनासो पोखे, 'पहाडी जिल्लाको तुलनामा तराई-मधेसमा ज्याला निकै कम पाइने गर्छ ।' घण्टाघर चोक वर्षौंदेखि श्रमिक र रोजगारदाताका लागि चौतारी बन्दै आइरहेको छ ।

वीरगञ्ज महानगर-२ छपकैयाका रामपुकार साह भाग्य बलियो भएको दिनमात्रै काम पाइने दाबी गर्छन् । 'दिनदिनै कामको खोजीमा आउने गर्छौं । तर कुनै दिन काम पाउँछ, कुनै दिन रित्तै हात फर्किनुपर्छ,' उनले भने, 'काम पाइएन भने त बूढीआमासहितको सातजनाको परिवारलाई के खुवाउने भन्ने चिन्ताले सताइहाल्छ नि ।' साहले चार छोरा, श्रीमती र आमासहितको परिवारको गर्जो टार्दै आइरहेको बताए । 'म कहिल्यै यो काम, त्यो काम भन्ने गर्दिनँ,' उनले भने, 'जे काम पाइन्छ त्यही गर्ने हो । हामी यहाँ पनि काम गर्नकै लागि आएका हौ नि ।' साह मजदुरहरू बिहानदेखि दिउँसो २ बजेसम्म कामको खोजीमा पर्खिने बताउँछन् । 'दिनको दुई बजेसम्म पनि आधा दिनको भएनि काम पाइएला कि भनेर पर्खिने गर्छौं,' उनले भने, 'दुई बजेपछि भने काम पाइएन भन्दै फर्किने हो ।'

घण्टाघरमा भेटिएका समिमा कन्स्ट्रक्सन प्रालि वीरगञ्जका सञ्चालक नियाजबाबु शेखले प्रसौनी नरकट्टियामा नाला निर्माणका लागि १५ जना मजदुरको खोजीमा आएको बताए । 'प्रसौनी नरकट्टियामा नाला बनाउने कामको ठेक्का लिएका छौं । त्यसका लागि मजदुर चाहिएर यहाँ लिन आएको हुँ,' उनले भने, 'आवश्यकता अनुसारका मजदुरहरू भेटिने भएकाले पनि यहाँ आउने गर्छौं ।' सञ्चालक शेखले औसतमा मजदुरहरूको दररेट ६०० देखि ७०० रूपैयाँ रहेको बताए ।

रौतहटको गौर नगरपालिका-६ सबगाडा स्थायी घर भएका मोहमद मम्ताज मिया पनि विगत पाँच वर्षदेखि घण्टाघर चोकमा कामको खोजीमा दिनहुँ धाउनेमा पर्छन् । 'लेबर मजदुरको काम दिनदिनै भने पाइँदैन । तीन दिन काम गर्‍यो । फेरि तीन दिन बस्नुपर्ने बाध्यता छ,' उनले भने, 'पछिल्लो समय मन्दीका कारणले घरहरू कम बन्दा पनि काम पाउन मुस्किल भइरहेको छ ।' मियाँले मुस्किलले दैनिक साढे ३०० रूपैयाँ बचत गर्ने बताउँछन् । 'गाउँघरमा बुबाआमासहितको परिवार पाल्नुपर्ने दायित्व छ,' उनले भने, 'काम पाउँदा त जेनतेन गुजारा चलाउँदै आइरहेका छौं ।'

वीरगञ्ज महानगरपालिका-२१ पटेल नगरका वीरेन्द्र पटेल आफ्नो घरको भुइँ ढलान गर्नका लागि दुईजना मजदुर खोज्न घण्टाघर चोकमा आउनासाथ मजदुरहरूले 'मलाई लैजानुस्' भनेर तँछाडमछाड नै गरे । 'यहाँ मजदुर छानीछानी लैजान पाइने भएकाले पनि आएको हुँ,' उनले भने, 'गाउँघरमै काम गर्ने मान्छे नपाएपछि त यहाँ आउनुपरेको हो ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले वीरगञ्जको घण्टाघर चोक रोजगारदाता र श्रमिकका लागि 'श्रमिक बैंक' जस्तै गरेर चल्दै आइरहेको बताए । 'घण्टाघर चोकमा खासगरी अदक्ष खालका श्रमिकहरू कामको खोजीमा आउने गर्नुहुन्छ । उहाँहरू विशेष गरेर निर्माण क्षेत्र र 'लोडअनलोड' गर्ने प्रकृतिका मौसमी श्रमिक हुनुहुन्छ,' उनले भने, 'कसैको घर ढलान गर्नका लागि ३० जना श्रमिक चाहियो भने नाइके आएर श्रमिक लिएर जाने परम्परा छ ।'

अध्यक्ष गौतमले घण्टाघरमा कामको खोजीमा आउने श्रमिकलाई उद्योगधन्दामा काम लगाउन अप्ठेरो हुने गरेको बताए । 'उद्योगधन्दामा नयाँ खालका मजदुरलाई बिस्तारै काम सिकाएर काममा पोख्त बनाएर काम गराउने गर्छौं,' उनले भने, 'मौसमी काम गर्ने मजदुरलाई उद्योगधन्दामा काम लगाउन धेरै गाह्रो छ । उनीहरू नियमित काममा नआउने प्रवृत्तिले पनि मौसमी मजदुर व्यवस्थापन गर्न समस्या हुने गर्छ ।'

बारा-पर्सा औद्योगिक करिडोरमा अधिकांश भारतीय मजदुर कार्यरत छन् । करिडोरमा झण्डै ५० हजार कामदार कार्यरत रहेको बताइन्छ । पर्सा र बारामा सानाठूला उद्योगधन्दा कति छन् भन्ने यकीन तथ्यांक छैन, तर ८०० देखि एक हजार २०० को हाराहारीमा उद्योगधन्धा रहेको अनुमान गरिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सा जिल्लामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या एक हजार ६४६ रहेको छ । त्यस्तै कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या १२६ रहेको छ । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको संख्या एक हजार २२५ रहेको छ । त्यस्तै कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको संख्या भने १५२ रहेको छ । *रासस*



वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले वीरगञ्जको घण्टाघर चोक रोजगारदाता र श्रमिकका लागि 'श्रमिक बैंक' जस्तै गरेर चल्दै आइरहेको बताउँछन् । उनका अनुसार घण्टाघर चोकमा खासगरी अदक्ष खालका श्रमिकहरु कामको खोजीमा आउने गर्छन् । उनीहरु विशेष गरेर निर्माण क्षेत्र र 'लोड अनलोड' गर्ने प्रकृतिका मौसमी श्रमिक छन् । कसैको घर ढलान गर्नका लागि ३० जना श्रमिक चाहियो भने नाइके आएर श्रमिक लिएर जाने परम्परा छ ।

## रिक्सा चालक महिलाको कथा

# गुजारा चलाउन सहज

**वसन्ती पन्त**/रूपन्देही

बुटवल उपमहानगरपालिका-८ की रीता अधिकारीको दैनिक गुजारा राम्रो चलिरहेको छ । उनी दिनभरि ई-रिक्सा चलाउँछिन् । त्यसबाट उनी दैनिक करिब एक हजार ७०० रूपैयाँ कमाउँछिन् । यही कमाईबाट उनी दैनिक गुजारा चलाउँछिन् । उमेरले ४० वर्ष पुगेकी रीताका २१ र १५ वर्षका छोरी छन् । उनले दिनभरि ई-रिक्सा चलाएर कमाएको पैसाले दुई छोरीको पढाइ खर्चसँगै घर खर्च चलाएकी छन् ।

कास्कीको रूपा गाउँपालिका-२ स्थायी घर भएकी रीताले यसअघि बुटवलमा एउटा सहकारी संस्थामा सामान्य जागिर गर्थिन् । उक्त जागिरको पारिश्रमिकबाट घरपरिवारको खर्च धान्न समस्या परेपछि विकल्पमा ई-रिक्सा चलाउन थालेको उनी बताउँछिन् । सहकारीको जागिर छाडेर सुरुमा रिक्सा भाडामा लिएर चलाएकी रीताले अहिले भने आफैं रिक्सा किनेर चलाउँदै आएकी छन् । बुटवलको नयाँ बसपार्कलाई केन्द्र बनाएर बुटवलका विभिन्न स्थानमा उनी यात्रुलाई पुर्‍याउने गर्छिन् ।

कामलाई कहिल्यै पनि सानोठूलो नठान्ने उनी कहिलेकाहीँ महिला चालक भनेर कतिपय यात्रुले हेप्ने गर्दा दुःख लाग्ने गरेको बताउँछिन् । 'हामी पनि पुरुषसरह नै काम गर्छौं, तर कतिपयले महिला भनेर हेयको दृष्टिकोणले हेर्ने गर्छन्,' उनी भन्छिन्, 'कतिपय यात्रुले त गन्तव्यमा पुगेपछि भाडा दिने बेलामा झगडा नै गर्छन् ।' रिक्सा चालक रीताको उपमहानगरपालिकाप्रति गुनासो छ । 'यति ठूलो नगरभित्र एउटा सार्वजनिक शौचालय पनि छैन, शौचालय जानुपर्ने अवस्थामा समस्या छ,' उनी भन्छिन्, 'पार्किङको पनि त्यस्तै ठूलो समस्या छ ।' अटो रिक्सा चालकहरू दोहोरो करको मारमा परेको बताउँदै यस विषयमा स्थानीय सरकारले ध्यान दिनुपर्ने रीताको भनाइ छ ।

बुटवल-१२ नयाँगाउँ घर भएकी ३९ वर्षीय खिमाकुमारी विक पनि विगत आठ वर्षदेखि रिक्सा चलाउने काम गर्छिन् । सुरुका एक वर्ष भाडामा रिक्सा चलाएकी खिमाले त्यसपश्चात् आफैंले रिक्सा किनेर चलाउन थालेकी हुन् । उनी भाडाको रिक्सा चलाउँदा कमाई हुन नसके पनि दैनिकरूपमा रिक्साधनीलाई भाडा बुझाउन बाध्य हुनुपर्ने भएकाले आफैं रिक्सा किनेर चलाउन थालेको बताउँछिन् । खीमाका श्रीमान् भारतको मुम्बईमा रोजगारीमा छन् भने २१ वर्षकी एक छोरी र १९ वर्षका छोरा घरमै छन् । यो कामबाट आत्मसन्तुष्टि मिलेको बताउने खीमा दैनिक एक हजार २०० देखि एक हजार ५०० रूपैयाँसम्म कमाई हुने गरेको बताउँछिन् ।

यस्तै, बुटवल देवीनगर अस्थायी बसोबास गर्ने एकल महिला मीना नेपालीले पनि रिक्सा चलाएरै आफ्नो चारजनाको परिवारको गुजारा चलाइरहेकी छन् । गुल्मीको छत्रकोट गाउँपालिका-५ की उनले विगत सात वर्षदेखि बुटवलमा रिक्सा चलाउँदै आएकी छन् । विगत तीन वर्षअगाडि आफैंले नयाँ रिक्सा लिइन् । 'भाडाको रिक्सा चलाउँदा कमाएको पैसा साहुलाई बुझाउँदा आफ्नो लागि पैसा नै नबच्ने, अहिले त आफ्नै रिक्सा छ, जति कमायो सबै आफ्नै हुन्छ,' उनले भनिन् । बिहान घरको काम सकेर ११ देखि साँझ ६ बजेसम्म उनले रिक्सा चलाउँछिन् । बुटवलमा नजिकैको दूरीमा ३० रूपैयाँदेखि त्योभन्दा टाढा १०० रूपैयाँसम्म भाडा तय भएको उनी बताउँछिन् ।

रिक्सा चलाउने क्रममा उनीसँग मीठा-नमीठा दुवै क्षण छन् । कतिपय महिलाले संघर्ष गरेको यो काम देख्दा सम्मानजनक व्यवहार गर्ने, कतिपय महिलाले नै अभद्र व्यवहार गर्ने नमीठो क्षण सुनाइन् । पुरुषले पनि कतिपयले सम्मानजनक त कतिपयले अभद्र व्यवहार गरेको नमीठो छाप मीनाको मनभित्र गढेको छ । अटोरिक्सा चलाउने मजदुरलाई नगरपालिकाको व्यवहारप्रति मीनाको दुखेसो छ । उनले अब कार चलाउन सिकेर ट्याक्सी चलाउने पेसा अगाडि बढाउने धोको रहेको सुनाइन् ।

बुटवलमा यसरी अटोरिक्सा चलाएर जीवन धानेका कयौं महिला र पुरुष छन् । यही काममा सपना र भविष्य सजाउनेहरू जसले आफ्नो मुख्य पेसा यसैलाई मानेका छन् । अन्य व्यवसाय गर्न पर्याप्त लगानी नहुनु र कतै रोजगार गर्न सोहीअनुसारको दक्षता नहुँदा जीवन धान्ने मुख्य काम यही बनेको उनीहरूको धारणा छ । पुरुषको तुलनामा अटोरिक्सा चलाउने महिलाहरूका बढी समस्या छन् । अटोरिक्सा व्यवसायी तथा चालकहरूले स्थानीय पालिका र यातायात कार्यालय गरी दुई ठाउँमा दोहोरो कर बुझाउँदा दोहोरो करको मारमा परेको उनीहरूको गुनासो छ । बुटवलमा एक हजार ४१३ अटोरिक्सा दर्ता भई नगरबाट सञ्चालनका लागि अनुमति लिएको उपमहानगरपालिकाका राजस्व शाखा अधिकृत पुष्पराज खनालले बताए । त्यसमध्ये हालसम्म करिब ५० अटोरिक्सा महिलाका नाममा दर्ता भएको अधिकृत खनाल बताउँछन् । बुटवलमा गुड्ने सबै अटोरिक्सा दर्ता र अनुमतिमा नआएको उनले बताए ।

आकर्षक गन्तव्य र सबैको रोजाइअन्तर्गतकै तिलोत्तमा नगरपालिकामा हालसम्म ३३२ अटोरिक्सा सञ्चालनमा रहेका छन् । यसमध्ये ३४ महिलाले आफ्नो नाममा सवारीचालक अनुमतिपत्र र रिक्सा दर्ता गरेको आर्थिक विकास शाखाका अधिकृत कृष्ण पाण्डेले बताए । अधिकृत पाण्डेका अनुसार १०० अटोरिक्सा अझै दर्ता प्रक्रिया रहेका छन् ।

रूपन्देहीकै देवदह नगपालिकामा हालसम्म करिब २१ अटोरिक्सा नगरमा दर्ता भई सञ्चालनमा रहेका छन् । नगरमा गुड्ने सबै अटोरिक्सा दर्ता प्रक्रियामा नआएको नगरपालिकाले जनाएको छ । यसैगरी, सिद्धार्थनगर नगरपालिकामा पनि सञ्चालन भएका सबै अटोरिक्सा दर्ता प्रक्रियामा आएका छैनन् । हालसम्म ४७३ रिक्सा नगरमा दर्ता भई सञ्चालनमा आएको नगरपालिको राजस्व शाखाले जनाएको छ । यसैगरी, एकमात्र महिलाले नगरमा रिक्सा दर्ता गरेको सो शाखाका अधिकृत कमलकान्त खनालले बताए । *रासस*



बुटवलमा यसरी अटोरिक्सा चलाएर जीवन धानेका कयौं महिला र पुरुष छन् । यही काममा सपना र भविष्य सजाउनेहरु जसले आफ्नो मुख्य पेसा यसैलाई मानेका छन् । अन्य व्यवसाय गर्न पर्याप्त लगानी नहुनु र कतै रोजगार गर्न सोहीअनुसारको दक्षता नहुँदा जीवन धान्ने मुख्य काम यही बनेको उनीहरुको धारणा छ । पुरुषको तुलनामा अटोरिक्सा चलाउने महिलाहरुका बढी समस्या छन् ।

आकर्षक गन्तव्य र सबैको रोजाइअन्तर्गतकै तिलोत्तमा नगरपालिकामा हालसम्म ३३२ अटोरिक्सा सञ्चालनमा रहेका छन् । यसमध्ये ३४ महिलाले आफ्नो नाममा सवारीचालक अनुमतिपत्र र रिक्सा दर्ता गरेको आर्थिक विकास शाखाका अधिकृत कृष्ण पाण्डेले बताए । अधिकृत पाण्डेका अनुसार १०० अटोरिक्सा अझै दर्ता प्रक्रिया रहेका छन् ।

# उदाउँदो सूर्यलाई अर्घ्य दिएर चैती छठपर्व विसर्जन

■ प्रभाव संवाददाता



**महेन्द्रनगर (धनुषा)**– जनकपुरधामलगायत सम्पूर्ण मिथिलाञ्चलमा शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठपर्व हर्सोल्लासका साथ सम्पन्न भएको छ ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन शुक्रबार बिहान तराईको विभिन्न जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै धुमधामका साथ चैती छठपर्व सम्पन्न भएको छ । छठपर्वको विशेषता भनेको यसको आधिकारिक पूजा पोखरी र नदीमा मात्र गर्नुपर्ने परम्परा हो । यस पर्वको अवसरमा जनकपुरधामका प्रमुख पोखरीजस्तै गंगासागर, अंगराज सर, दशरथ तलाउमा किनारमा धार्मिक विधिपूर्वक मनाइएको छ ।

भक्तजनहरू बिहीबार साँझ परम्परागत फलफूलजस्तै केरा, भुसवा, ठकुवा, नरिवल, उखु, मुला आदि लिएर सूर्यलाई अर्घ्य अर्पण गरेका थिए । पौराणिक कथनअनुसार आदिकालमा सती अनुसूयाले रोगग्रस्त पतिलाई निको पार्न भगवान् सूर्य र षष्ठी देवीको पूजा आराधना गरेका थिए । महाभारतकालमा पनि पाँच पाण्डवकी पत्नी द्रौपदीले कौरवहरूको पराजयका लागि सूर्यदेवको उपासना गर्दै छठपर्व मनाएको उल्लेख पाइन्छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठपर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्छ । चार दिनसम्म मनाइने यस पर्वको पहिलो पर्वको पहिलो दिन 'नहाय-खाय', दोस्रो दिन 'खरना', तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्ने र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा रहिआएको छ ।

त्यस्तै, षष्ठीका दिन अर्थात् साँझ गहुँ, चामल, ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्यसामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न पलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुगेका थिए ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/२३**

यस कम्पनीको मिति २०८१/१२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **प्राइम पाथ एजुकेशन कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्राइम पाथ एजुकेशन कन्सल्टेन्सी** (प्रा.लि.नं.१६६५९८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिध्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**०१:-पि.आर.ओ (महिला/पुरुष)**
**माग संङ्ख्या:-(०५ जना)**

Qualification for PRO : Must have minimum experience of PRO 3-4 years & +2 cleared

**सम्बन्धीत क्षेत्रमा ३-४ बर्षको अनुभवी अंग्रेजी राम्रोसंग बोल्न लेख्न र कम्प्युटरको ज्ञान भएको तलब : आपसी समझदारीमा**

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति: २०८१/१२/२३**

यस कम्पनीको मिति २०८१/११/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **तारापुञ्ज एकेडेमी टुकुचा** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **निष्ट तारापुञ्ज स्कुल काभ्रेपलाञ्चोक** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निष्ट तारापुञ्ज स्कुल काभ्रेपलाञ्चोक** (प्रा.लि.नं.१८७६९७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


## Office of the Rural Municipal Executive
*Soru Rural Municipality, Jima, Mugu*

### Invitation for Bids

**Invitation for Bids No: SRM/MUGU/NCB/WORKS/RC02/2081-082**
**Date of publication: 4th April, 2025 (2081 Chaitra 22)**

1. ***The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** invites Electronic bids from Nepalese eligible bidders for the construction of ***Roadway Excavation and Bioengineering works of Gaurabedu dekhi Tanja Gaun samma ko Baato Nirman*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 6,320,530.34 (excluding VAT and PS).
2. A complete set of Bidding Documents may be purchased from the online portal of PPMO by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee till ***4th May, 2025 (2082 Baishakh 21)*** 12:00 noon
   Information to deposit the **cost of bidding document** in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Sorukot, Mugu
   Name of Office: The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu Office Code no.: 80106303
   Office Account no.: 4510100301010002
   Name of account: Soru Ga.Pa.(Ga-1-1)-Antarik Rajaswa Rajaswa (revenue) Shirshak no. : 14229
   Bid document Fee: 3000/-
   For Bid security (In case of cash deposite) Deposit Account No. 4010100303000002
   Name of account: Soru Ga.Pa.(Ga-3-1)-Dharauti Khata
3. Pre-bid meeting shall be held at ***The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** at 23rd ***April, 2025 10:00am (2082 Baishakh 10)***
4. Electronic bids must be submitted to The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu through PPMO website www.bolpatra.gov.np/egpon. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***4th May, 2025 (2082 Baishakh 21)* 13:00** at The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu.
6. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***1,65,000/-***, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 1st September, 2025) (2082 Bhadra 16)***.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidders may obtain further information and inspect the Bidding Documents at **The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, ito.sorumun@gmail.com, 9858366277, 9844905742** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३३९ चैत २२ गते २०८१ मा प्रकाशित **Brother Recruitment** को Lot No. 310364 को Nesto Management Office L.L.C Sole Proprietorship SHJ BR कम्पनीको विज्ञापनमा Sales Officer को पुरुष कामादरको संख्या ८५ र महिला कामदारको संख्या ९४ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

BROTHER RECRUITMENT Pvt. Ltd.


## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/१२/२३**

यस नगरपालिकाबाट तपशीलको कार्य गर्ने सूचना प्रकाशित भए बमोजिम दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनकालागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक भ्याट सहीत रु. |
|---|---|---|---|
| 28-SUP-2081/082 | ह्युमपाईप तथा बिद्युतपोल खरिद गरि ढुवानी गर्ने कार्य | श्री बालाजी ह्युमपाईप तथा बिद्युत पोल उद्योग प्रा.ली., नेपालगंज ३२ बाँके | १९,४४,९०५।१५ |

अन्य सवै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## बीमालेख हराएको सूचना

प्रकाशित मिति : २०८१/१२/२३

**सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स**बाट जारी भएको निम्न व्यहोराको बीमालेख सुरूङ्गा, झापाबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : संकल्प मैनाली
**बीमालेख नम्बर** : ११४०००००१२७
**फोन नम्बर** : ९८१७३५३५९६
**कम्पनी** : सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स
**शाखा** : सुरूङ्गा


## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

### बोलपत्र आशय सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/१२/२३**

उपरोक्त सम्बन्धमा मिति २०८१/१२/०२ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित अति आवश्यक औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्रमा रित पूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये सब भन्दा घटी दर रेट पेश गर्ने र सारभूत रूपमा प्रभाव ग्राही भएकोले सोहि फर्मको दररेट स्वीकृत गरि खरिद गर्ने निर्णय भएकोले सो सम्बन्धमा सार्वजनिक खरिद खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| ठेका नं. | विवरण | फर्मको नाम | स्वीकृत रकम |
|---|---|---|---|
| SM/MD/०१/०८१-०८२ | अति आवश्यक औषधी तथा सर्जिकल सामाग्री खरिद | आदित्य इन्टर्नेशनल, जनकपुरधाम-०२, धनुषा | रू ४४५४२०|- |

**प्रमुख प्रशासकीय अधिकृत**


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३३९ चैत २२ गते २०८१ मा प्रकाशित भएको APPOLO OVERSEAS SERVICES (P) LTD. को Lot No. **321530** को Security Guards को मलेसिया सेलरी RM 1700 को रु.५२,१५०/- हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

APPOLO OVERSEAS SERVICES (P) LTD.
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com

## युएईमा मिनिष्ट्री अफ डिफेन्स (MOD) अन्तर्गत, आर्म्स गार्डको लागि सुवर्ण अवसर

FOCUS Security Services

**Company: Focus Security Services L.L.C**

पूर्व स्वीकृत मिति : २०८१/१२/२२ | LT. No. 321641 | चलानी नं ६०२३५६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 80 | 0 | 2000 | ७४,०३२ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

**निम्न योग्यता भएका नेपाल आर्मी तथा सशस्त्र प्रहरीमा काम गरेका व्यात्तीहरूले सम्पर्क गर्न सक्नुहुने छ ।**

**अप्रुभल तयार रहेकोले तुरुन्त उड्न सक्नेहरूले मात्र सम्पर्क गर्नु होला।**

**योग्यताहरू:**
१. नेपाल आर्मी अथवा सशस्त्र प्रहरी बलमा कम्तिमा १० बर्ष सेवा गरेको।
२. सेवा निवृत भएको बढिमा पाँच बर्ष हुनपर्ने।
३. उचाइ १७० सेन्टिमिटर हुनपर्ने।
४. उमेर बढिमा ४२ बर्ष सम्ममात्र हुनपर्ने।
५. तालिमका सर्टिफिकेट सहित सम्पूर्ण कागजातहरू तयारी अवस्थामा हुनपर्ने।

**प्रि-अन्तरवार्ता: दैनिक भइरहेको छ ।**
**फाइनल अन्तरवार्ता: २०८१ चैत्र ३० गते (12th April. 2025)**
**यस प्रा. लि. को कार्यालय, सिनामंगल, काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/ रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT.LTD**
श्रम ईजाजत नं. 1676/080/081
Sinamangal 9, Kathmandu, Tel.: 01-4560530/ 4560531
Hotline: +977- 9851094335 / 9802368141 / 9709066802 / 9842386737 9852675031, POKHARA : - 9856004348 / 9806722351
E-mail: info@interpidhr.com Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

## मलेसियामा रोजगार
कम्पनी : AT GUARDS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२२ | LT. No. 321537 | चलानी नं. ६०२३५६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 150 | 0 | 1700 | ५२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th April 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**चाइनिज भाषा बोल्न र बुझ्न जान्ने व्यक्तिलाई विषेश प्राथमिकता दिइने छ ।**

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४

## युएईमा रोजगार
कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०१/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२२ | LT. No. 315528 | चलानी नं. ६०२२९७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 97 | 48 | 800 | २९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएईमा रोजगार
कम्पनी : AL BUSTAN FOR PARTIES ORGANIZATION

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321539 | चलानी नं. ६०२३५६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER GCC | 30 | 0 | 1000 | ३७,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th April 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Fine Job Recruitment Pvt. Ltd.**
Government License No. 1180/073/74
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

## युएईमा रोजगार
कम्पनी : MO MO CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१२/२२ | LT. No. 315864 | चलानी नं. ६०२३४८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (MALE) | 4 | 0 | 1000 | ३७,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1700 | ३७,१५८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th April 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## बहराइनमा रोजगार
कम्पनी : LORIE JEWELLERY

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321556 | चलानी नं. ६०२३५६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Persons (Female) | 0 | 2 | 150 | ५४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 3 | 0 | 100 | ३६,०७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**Nexus Human Resource Pvt. Ltd.**
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

## युएईमा रोजगार
कम्पनी : TMR TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | LT. No. 321521 | चलानी नं. ६०२३५६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER ASSISTANT | 1 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 2 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Electrician Assistant | 1 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 4 | Labour | 2 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 5 | Steal Fixer | 2 | 0 | 1200 | ४४,५९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**IMPERIAL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 816/066/067
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

# प्रभाव दैनिक

रूपशाला

## 'जलाकी' को छायांकन सुरू

फिल्म 'जलाकी' को छायांकन सुरु भएको छ । पोखराको बिन्ध्याबासिनी मन्दिरमा शुभ मुहूर्त गरिएको फिल्म बागलुङको कालिका भगवती मन्दिरबाट छायांकन सुरु गरेको हो । फिल्मका निर्देशक अशोक थापा मगर हुन् । त्रिकोणात्मक प्रेम कथामा आधारित फिल्ममा सोनाम तोप्देन, उपासना सिह ठकुरी, अस्तित्व भट्टचन, आकृति राजभण्डारी, माओत्से गुरुङ, बुद्धि तामाङ, संगीता थापा मगर, राजु रेग्मी मगर, खड्क बहादुर पुन (खबपु) लगायतका कलाकारको अभिनय रहनेछ ।





# मैले गर्न खोजेको क्यारेक्टर 'पिताम्बर'मा छ : सुपुष्पा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'रणवीर'बाट फिल्मी करियर सुरु गरेकी अभिनेत्री सुपुष्पा भट्टले पछिल्लो फिल्म 'फेरि रेशम फिलिली' सम्म आइपुग्दा प्रायः चञ्चले चरित्र निभाइन् । यी अभिनेत्री यही चैत २९ गतेबाट रिलिज हुने फिल्म 'पिताम्बर'मा केही फरक चरित्रमा देखिँदैछिन् ।

सुपुष्पा 'पिताम्बर'मा 'बिहानी' नामको पात्रमा देखिँदैछिन् । 'बिहानी विधवा छे र इनोनसेन्ट छे । बिहानी कसरी विधवा हुन्छे भन्ने थाहा पाउन फिल्म नै हेर्नुपर्छ', सुपुष्पा भन्छिन्, 'मैले गर्न खोजेको क्यारेक्टर पिताम्बरमा छ । यो क्यारेक्टरमा फेज र ग्राफ छ । कहाँदेखि कहाँसम्म के भइरहेको छ भन्ने बिहानीमार्फत थाहा पाइन्छ ।'

सुपुष्पाको डेब्यू फिल्म 'रणवीर' एक्सन बेसमा नै थियो । 'रणवीर र पिताम्बरको जनरा एउटै भए पनि कथा फरक छ । मेरो क्यारेक्टरमा बिल्कुलै फरकपन पाउनुहुनेछ', उनी भन्छिन् ।

फिल्मका सह-निर्माता पुरुषोत्तम प्रधानले बोलाएर स्क्रिप्ट सुनाएपछि उनी फिल्ममा काम गर्न सहमत भएकी रहिछन् । 'यो फिल्ममा काम गर्छु भनेर पहिले नै योजना थिएन । स्क्रिप्ट सुनेपछि नाइँ भन्न सकिनँ । वान लाइन र मेरो क्यारेक्टरले तान्यो', सुपुष्पा खुल्छिन् ।

सुपुष्पाले 'पिताम्बर'मा अभिनय गरेपछि विधवाको जीवनलाई केही बुझेकी रहिछन् । 'नेपाली समाजमा बसिसकेपछि विधवाको जीवन बाँच्न गाह्रो हुँदो रहेछ । आफूलाई माया गर्ने मान्छे नै नहुँदा गाह्रो पक्कै हुन्छ । यो फिल्ममा काम गरेपछि मैले केही बुझें । अहिले त महिलाहरूले आफ्नो स्ट्याण्ड लिनुभएको छ । उहाँहरू माथि पनि आइरहनुभएको छ', उनी भन्छिन् ।

उनी मल्टिस्टार फिल्म 'पिताम्बर'मा जोडिन पाउनु आफ्नो लागि भाग्यशाली ठान्छिन् । 'आफ्नो पात्रमा गर्न सक्ने हो कि होइन भन्ने कुराले सुरुमा मलाई गाह्रो भएको थियो । तर मल्टिस्टार फिल्ममा मैले यतिको स्पेस पाएँ भनेर आफूलाई भाग्यशाली ठानेकी थिएँ । यति धेरै कलाकारमा म पनि एउटा छु है भन्नेमा गर्व छ', उनी भन्छिन्, 'तर काममा प्रेसर चाहिँ हुँदो रहेछ । सबैको कलाकार राम्रो अभिनय गर्ने हुनुहुन्छ । मेरो अभिनय चाहिँ कताबाट चिप्लिने हो कि भन्ने डर थियो । आफू तयारी अवस्थामा रहेपछि त्यो डर हराउँदो रहेछ ।'

सुपुष्पाको बुझाईमा राम्रो भिजन भएको मान्छेले फिल्म बनाउन सजिलो हुन्छ । 'महिला र पुरुष निर्देशक भन्दा पनि निर्देशक भनेको निर्देशक नै हो । राम्रो भिजन भएको मान्छेले फिल्म बनाउन सजिलो हुन्छ । आफ्नो भिजन बुझेको र कस्तो फिल्म बनाउने भन्ने थाहा पाएको निर्देशकसँग काम गर्न पाएँ । मलाई धेरै सजिलो भयो', उनी भन्छिन् ।

सुपुष्पालाई एक्सन फिल्ममा काम गर्न मन रहेछ । 'एक्सन फिल्ममा आफैले एक्सन गर्न मन छ । यो पहिलोदेखि कै इच्छा हो । त्यस्तो फिल्मको अफर आयो भनेर स्क्रिप्ट र आफ्नो क्यारेक्टर हेरेर निर्णय लिन्छु', सुपुष्पा भन्छिन् ।

# 'चौथो नेपाल ग्रामीण चलचित्र महोत्सव' रसुवामा




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'नेपाल ग्रामीण चलचित्र महोत्सव' को चौथो संस्करण रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिकामा हुने भएको छ ।

आयोजक सेलिब्रेटी नेपालले रसुवा जिल्लाको सदरमुकाम धुन्चेमा पत्रकार सम्मेलन गर्दै वैशाख ४ देखि ६ गतेसम्म महोत्सव गर्न लागिएको जानकारी दिएको हो ।

प्रत्येक वर्ष फरक-फरक जिल्लाको ग्रामीण भेगमा आयोजना गर्ने महोत्सवमा ग्रामीण परिवेशमा बनेका नेपाली फिचर फिल्म, शर्ट फिल्म, डकुमेन्ट्री र कल्चर फिल्महरू प्रदर्शन गर्ने गरिन्छ । नेपाली सिनेमा पर्यटन र ग्रामीण कथालाई समेटेर विभिन्न संवाद कार्यक्रमहरू पनि गरिने महोत्सवका अध्यक्ष रघुनाथ सापकोटाले बताए । महोत्सवमा नेपाली चलचित्र प्रदर्शनसँगै स्थानीय पर्यटन प्रबर्द्धन र स्थानीय कला संस्कृतिको प्रचार प्रसार पनि गरिने सापकोटाले जानकारी दिए ।

महोत्सव संयोजकमा निर्देशक कमल एक्चै मगर हुन् । महोत्सवमा करिब २ दर्जन फिल्म देखाउने र फिल्मका सम्बन्धित व्यक्तिहरूसँग गाउँले दर्शकले अन्तरक्रिया पनि गर्नेछन् ।

रसुवा जिल्लामा फिल्म हलसमेत नभएकाले फिल्म हेर्न रूचि राख्ने दर्शकहरूलाई महोत्सवले पूर्ण मनोरञ्जन दिनुका साथै फिल्म क्षेत्रको प्रचार प्रसारमा समेत भूमिका खेल्ने आयोजकको विश्वास छ । महोत्सवमा करिब ४ हजार दर्शक उपस्थित गराउने लक्ष्य आयोजकको छ ।

महोत्सवमा चलचित्र विकास बोर्डले सहकार्य गरेको छ । गोसाईकुण्ड गाउँपालिका रसुवाले बार्षिक रूपमा आयोजना गर्दै आएको चौंथो पालिका कप भलिबल प्रतियोगिता पनि बैशाख २ गते देखि ६ गतेसम्म हुनेछ । रसुवा जिल्लाको पर्यटन प्रवर्धनमा यस्ता कार्यक्रमले विशेष महत्व राख्ने र जिल्लालाई देश तथा विदेशमासमेत चिनाउने आयोजकको विश्वास रहेको छ ।

## रंगशाला

एनएसएल फुटबल

# बुटवललाई हराउँदै चितवन शीर्षस्थानमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलोपल्ट बुटवल लुम्बिनी एफसीलाई पराजित गर्दै एफसी चितवन नेपाल सुपर लिग (एनएसएल) को शीर्ष स्थानमा उक्लिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार सम्पन्न खेलमा चितवनले १-० को कठिन जित निकालेको हो । एनएसएलमा बुटवलमाथि चितवनको यो नै पहिलो जित हो। यसअघिका दुई संस्करणमा यी दुई टोलीले २-२ र १-१ को बराबरी खेलेका थिए ।

यो नतिजासँगै चितवनले दुई खेलमा दुई जितसहित ६ अंक जोडेको छ। चितवनले पहिलो खेलमा पोखरा थन्डर्सलाई २-० ले हराउँदै सानदार सुरुआत गरेको थियो ।

चितवन साबिक विजेता ललितपुर सिटी एफसीभन्दा दुई अंकले अगाडि रहेको छ । बुटवलको भने यो दोस्रो हार हो। झापा एफसीसँग गोलरहित बराबरी खेलेको बुटवल दोस्रो खेलमा धनगढी एफसीसँग ३-१ ले पराजित भएको थियो ।

बुटवल भने एक अंकसाथ छैटौं स्थानमा छ । चितवनलाई लगातार जित दिलाउन घानाका अट्याकिङ मिडफिल्डर टोरिक जेब्रिनले गरेको गोल निर्णायक बन्यो ।

उनले दोस्रो हाफको इन्जुरी समयमा गोल गरेका हुन् । नोडिर माभ्लोनोभले दिएको क्रसलाई उनले भिक्टर मानसरायसम्म पुऱ्याउन खोजेका थिए । तर, बुटवलका डिफेन्डर सरोज तामाङलाई लाग्दै रिबाउन्डमा आएको बललाई उनले पेनाल्टी बक्सबाहिरबाट लेफ्ट फुटेट सर्ट प्रयोग गर्दै जाली चुमाए ।

# केपी ओली कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको तयारी पूरा

■ प्रभाव संवाददाता

**पोखरा–** शनिबार (आज)बाट सुरु हुने केपी ओली कप राष्ट्रिय खुल्ला टी-२० क्रिकेट प्रतियोगिताको तयारी पुरा भएको छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशालामा हुने केपी कपमा कुल १६ टिमले सहभागिता जनाउने भएका छन् ।

प्रतियोगिताको खेल तालिका सार्वजनिक भएसँगै पहिलो खेल पोखरा महानगरपालिका र स्याङ्जा क्रिकेट क्लब बिच हुने भएको छ । दोस्रो तथा उद्घाटन खेलमा सिइसी क्रिकेट क्लब काठमाडौं र हेटौडा एसएबिच हुनेछ ।

खेल तालिका अनुसार समूह 'ए' मा सिइसी काठमाडौं, हेटौडा एसए, पोखरा महानगर क्रिकेट क्लब र स्याङ्जा क्रिकेट क्लब रहेका छन् । समूह 'बी' मा चितवन क्रिकेट क्लब, ग्रेट हिमालय क्रिकेट एसोसिएसन, गण्डकी हिरोज क्रिकेट क्लब र हिमालयन क्रिकेट एसोसिएसन रहेका छन् । समूह 'सी' मा लुम्बनी खुकुरी क्रिकेट क्लब, मधेश प्रदेश क्रिकेट क्लब, हिमाल फ्रेन्ड क्रिकेट क्लब र कर्णाली एकेडेमी तथा समूह 'डी' मा सुन्दर हेरचाह क्रिकेट क्लब, आत्रेय क्रिकेट एसोसिएन, मालपोखरी क्रिकेट क्लब र होरिजोन क्रिकेट क्लब रहेका छन् । यस अघि पहिलो संस्करणमा सात प्रदेश र तीन विभागीय क्लबको सहभागिता रहेको थियो । उक्त संस्करण मधेश प्रदेशले जितेको थियो ।

चैत्र २३ देखि ३० गते सम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद रु १० लाख र उपविजेताले नगद ५ लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै म्यान अफ दि सिरिजले नगद ३० हजार, वेष्ट बलर, बेष्ट ब्याटरले जनही नगद रु १० हजार र म्यान अफ दि म्याचले नगद ५ हजारका साथमा ट्रफी प्राप्त गर्ने एकेडेमीका अध्यक्ष ध्रुब आचार्यले जानकारी दिए ।

प्रतियोगिता सम्पन्न गर्न १ करोड ३० लाख खर्च हुने आयोजकले जनाएको छ । अध्यक्ष आचार्यले हाल सम्म २९ भन्दा बढि टिमले पत्र पठाए पनि अन्तिम चरणमा १६ टिमको मात्रै सहभागिता गराएको बताए । उनले क्रिकेट विकासका लागि अब ग्रासरुट स्तरमा जानुपर्छ भन्ने अवधारणा अनुरूप आफुहरूले यस पटक खुल्ला क्लबस्तरीय क्रिकेटको आयोजना गरेको सुनाए । उनका अनुसार हरेक टिमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई समेत समावेश गराउन पाउनेछन् ।

उनले भने, "सहभागिता जनाउन चाहने टिमहरूको बारेमा निर्क्योल गरेर १६ टिम मात्र सहभागिता गराएका छौं ।" पोखराको क्रिकेट विकासका लागि प्रतियोगिताले महत्वपूर्ण योगदान पुग्ने बताउँदै अध्यक्ष आचार्यले खेल पर्यटनमार्फत समेत यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने उल्लेख गरे । प्रतियोगितालाई सफल बनाउन सबै संग आग्रह गर्दै राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष समेत रहेका उनले यूवा खेलाडी उत्पादनमा समेत यसको भूमिका हुने बताए ।

उनले भने, 'अहिले धेरै यूवा खेलाडीहरूलाई यस्तो प्रतियोगिताहरूको खाँचो छ । जहाँबाट उनीहरूको भूमिका राष्ट्रले प्राप्त गर्न सक्नेछ ।' प्रतियोगिता लिग कम नक आउटका आधारमा हुनेछ भने प्रतियोगितामा प्रवेश निःशुल्क गरिएको छ ।

# गोधुली रनिङकप धरान-१४ लाई

**धरान (सुनसरी) (प्रस)–** पच्चीसौँ टेष्टीटेष्टी गोधुली रनिङ कप फुटबल प्रतियोगिताको उपाधि धरान-१४ ले जितेको छ ।

धरान उपमहानगरपालिका-१६ स्थित रङ्गशालामा भएको फाइनल खेलमा धरान-१५ लाई १-० गोलअन्तरले पराजित गर्दै धरान-१४ ले उपाधि जितेको हो । खेलको ६१औं मिनेटमा धरान-१४ का विवेक राईले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

खेलको अन्तिम समयसम्म दुवै टिमले थप गोल गर्न नसकेपछि त्यही गोल नै निर्णायक बन्यो । उपाधिसँगै धरान-१४ लाई नगद रु एक लाख ७५ हजार पुरस्कार र उपविजेता धरान-१५ लाई नगद रु एक लाख पुरस्कार प्रदान गरिएको छ । खेलको प्लेयर अफ दी म्याच धरान-१४ का आशिष पुरी घोषित हुँदै रु पाँच हजार ५०० प्रदान गरिएको छ ।

उत्कृष्ट गोलकिपर धरान-१५ का राजीव खड्कालाई रु पाँच हजार ५००, उत्कृष्ट डिफेन्डर धरान-१५ का अस्तोष राईलाई रु पाँच हजार ५००, उत्कृष्ट मिडफिल्डर धरान-१५ कै अरिक गुरुङलाई रु पाँच हजार ५००, उत्कृष्ट स्टाइकर धरान-१४ का निमेश तामाङलाई रु पाँच हजार ५००, उत्कृष्ट कोच धरान-१४ का शिव राईलाई रु पाँच हजार ५००, हाइस्कोर धरान-१७ का कृष्ण राईलाई रु पाँच हजार ५००, राइजिङ प्लेयर धरान-१७ का सुवास विकलाई रु पाँच हजार ५०० प्रदान गरिएको थियो भने खेलको फेयर प्ले टिम धरान-१७ घोषित भएको थियो ।

यही चैत ७ गतेदेखि धरान रङ्गशालामा रात्रिकालीन भएको फुटबल प्रतियोगितामा १८ वटा वडाको सहभागिता थियो ।

# ट्रम्पको आयात शुल्क विश्व व्यापार बजारका लागि ठूलो उथलपुथल

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका भित्रने सबै सामानहरूमा नयाँ आयात शुल्क घोषणा गरेका छन् । यसलाई उनले अमेरिकी 'व्यापार जगत्'को 'स्वतन्त्रता दिवस' भनेका छन् । राष्ट्रपति ट्रम्पको योजनामा सबै आयातहरूमा कम्तीमा १० प्रतिशत अतिरिक्त शुल्क लाग्ने छ । त्यो गत वर्षको चुनावी अभियानका बेला उनले गरेका प्रस्तावअनुरूप नै हो ।

ह्वाइटहाउसले युरोपेली संघ र चीनसहित 'सबैभन्दा खराब' साझेदार भनेर व्याख्या गरेका झण्डै ६० व्यापार साझेदारहरूका वस्तुहरूले उच्च दरको सामना गर्नुपर्ने छ ।

उनले यसलाई अनुचित व्यापार नीतिहरूको नतिजा बताएका छन् । अप्रिल २ मा घोषणा गरिएको अमेरिकी आयात शुल्कबाट बढी प्रभावित हुने देशमा चीन, भारत, जापान, कम्बोडिया, भियतनाम तथा युरोपेली मुलुकहरू पनि रहेका छन् । ह्वाइटहाउसका अनुसार यस घोषणाले अमेरिकाका दुई निकट व्यापार साझेदार मेक्सिको र क्यानडाका लागि तत्कालका लागि केही परिवर्तन गर्ने छैन ।

यो व्यापार युद्ध बढ्दा अमेरिकामा उच्च मूल्य र सुस्त वृद्धिदर देखापर्ने सम्भावना रहेको विश्लेषकहरू बताउँछन् । त्यसैगरी विश्वभरका केही देश आर्थिक मन्दीमासमेत पर्न सक्ने बताइएको छ । स्थानीय समयअनुसार बुधबार ह्वाइटहाउसमा गरिएको घोषणामा ट्रम्पले यी उपायहरू आवश्यक रहेको बताएका छन् ।

'आर्थिक स्वतन्त्रता'अरू देशहरूले उच्च शुल्क र अन्य व्यापार अवरोधहरू लगाएर अमेरिकाबाट फाइदा उठाइरहेको उनको भनाइ रहेको छ । राष्ट्रिय आपत्काल घोषणा गर्दै बुधबार रिपब्लिकन राष्ट्रपतिले अमेरिकालाई पाँच दशकदेखि 'निकट र टाढाका तथा मित्र र सत्रुहरूले समानरूपमा लुटे, बलात्कार गरे, लुटिरहे' भने । 'यो हाम्रो आर्थिक स्वतन्त्रताको घोषणा हो,' पृष्ठभूमिमा अमेरिकी झण्डा राखी रोज गार्डेनमा गरिएको सम्बोधनमा ट्रम्पले भने ।

अमेरिकाले अप्रिल ५ मा १० प्रतिशत शुल्क लगाउन सुरु गर्ने जनाएको छ भने अन्य केही देशहरूका लागि तोकिएका उच्च शुल्क अप्रिल ९ देखि सुरु हुने छन् । 'आज हामी अमेरिकी श्रमिकको पक्षमा उभिरहेका छौं र अन्ततः अमेरिकालाई पहिलो स्थानमा राख्दै छौं,' ट्रम्पले आफ्नो विचारमा अमेरिकी इतिहासको सबैभन्दा अहम् दिनहरूमध्येको एक बताउँदै भने । आयात शुल्कले सन् २०३४ सम्ममा २.२ ट्रिलियन डलर अमेरिकी राजस्व बढाउनसक्ने 'नन पार्टिसन कंग्रेसनल बजेट अफिस'ले जनाएको छ ।

ट्रम्पले बुधबारको घोषणाअघि त्यसको पूर्वसमीक्षाका लागि कयौं साता लगाएका थिए । यो अवधिमा चीनबाट आयात हुने सामान, विदेशी कार, स्टिल र आल्मुनियममा आयात शुल्क बढाउने र मेक्सिको र क्यानडाबाट आउने केही सामानहरूमा २५ प्रतिशत शुल्क बढाउने अन्य आदेशहरू भएका थिए ।

त्यसमा बेलायतका लागि १० प्रतिशत र युरोपेली संघ इयूका लागि २० प्रतिशत समावेश गरिएको ट्रम्पले बताएका छन् । चीनबाट आउने सामानहरूमा लाग्ने अमेरिकी आयात शुल्क ३४ प्रतिशतले बढ्ने छ जुन अहिले नै २० प्रतिशत रहेकाले त्यसमा थप हुँदा त्यो कूल शुल्कका रूपमा ५४ प्रतिशत पुग्ने छ । जापानबाट आउने सामानहरूमा २४ प्रतिशत र भारतबाट आउने सामानहरूमा २६ प्रतिशत भन्सार शुल्क लाग्ने छ । *रासस/एएफपी*

# ट्रम्प प्रशासनको करवृद्धि जापानका लागि 'राष्ट्रिय संकट'

**टोकियो–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जापानी सामानमा लगाएको करले 'राष्ट्रिय संकट' निम्त्याएको जापानका प्रधानमन्त्री शिगेरु इशिबाले शुक्रबार बताएका छन् । संयुक्त राज्य अमेरिकामा जापानी कम्पनीहरू सबैभन्दा ठूलो लगानीकर्ता हुन् तर राष्ट्रपति ट्रम्पले आयातमा २४ प्रतिशतको भारी कर लगाउने घोषणा गरेका छन् ।

बिहीबार विश्वव्यापीरूपमा लागू गरिएको करको एक भागको रूपमा जापानको निकट सहयोगी अमेरिकाले जापानमाथि पनि भारी कर लगाउँदा यसले जापानी अर्थतन्त्रलाई व्यापक प्रभाव पार्ने छ । इशिबाले संसद्मा भने, 'यो कदमले जापानलाई आर्थिकरूपमा 'राष्ट्रिय संकट' निम्त्याउनसक्ने हुँदा सरकारले सबै पक्षसँग मिलेर यसको प्रभाव कम गर्न सक्दो प्रयास गरिरहेको छ ।' उनले ट्रम्प प्रशासनसँग वार्ताका लागि 'शान्त-नेतृत्वदायी' दृष्टिकोणको लागि आह्वान गरे । अमेरिकाले यसै हप्ता लागू भएको जापानी कार आयातमा २५ प्रतिशत कर पनि लगाएको छ । बैंक अफ जापानका गभर्नर काजुओ उएदाले भने, 'करले विश्व र राष्ट्रिय अर्थतन्त्रमा गिरावटको दबाब निम्त्याउन सक्छ ।'

सरकारका प्रवक्ता योशिमासा हयाशीले बिहीबार आफ्ना मन्त्रीहरूलाई करको 'नजिकबाट अध्ययन गर्न' र घरेलु उद्योगका लागि वित्तीय सहयोग र रोजगारीको सुरक्षासहित आवश्यक सबै कदम चाल्न निर्देशन दिएको बताए । असाही शिम्बुन दैनिकका अनुसार इशिबाले शुक्रबार पार्टी नेताहरूसँग गरेको भेटको उद्देश्य पूरक बजेट विधेयकको आधार तयार पार्नु थियो । उनको अल्पमतको सरकारलाई संसद्मा कुनै पनि विधेयक पारित गर्न विपक्षीहरूको समर्थन आवश्यक छ । शुक्रबार हयाशीले ट्रम्पको नयाँ कर 'अत्यन्त खेदजनक' भएको र विश्व व्यापार संगठनको नियम र अमेरिका-जापान व्यापार सम्झौताको पालना गर्ने वा नगर्नेबारे जापानको 'गम्भीर चिन्ता' रहेको बताएका थिए । जापान चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (जेसिसिआई) ले ट्रम्पको करवृद्धिले जापानी अर्थतन्त्रमा गम्भीर असर पार्ने बताएको छ । जेसिसिआईले एक विज्ञप्ति जारी गरी भनेको छ, 'हामी सरकारलाई कर छुटका लागि निरन्तर वार्ता जारी राख्न र एक विस्तृत परामर्श प्रणाली विकास गरेर र नगद व्यवस्थापन समर्थनलाई सुदृढ गरेर साना तथा मझौला उद्यम र साना व्यवसायमा पर्ने असरलाई कम गर्न सबै सम्भावित उपायहरू अवलम्बन गर्न जोडदार आग्रह गर्दछौं ।'

जापान अटोमोबाइल म्यानुफ्याक्चरर्स एसोसिएसन (जामा) ले पनि विश्वको चौथो ठूलो अर्थतन्त्रको महत्त्वपूर्ण खम्बाका रूपमा रहेका आफ्ना सदस्यका लागि सरकारी सहयोगका लागि आह्वान गरेको छ । उनले थपे, 'उद्योगले 'सवारीसाधन (कार) सम्बन्धित करको बोझलाई सरल र कम गर्न आधारभूत सुधारको लागि निरन्तर आह्वान गरेको छ, र हामी कृपया जापानको अटोमोटिभ उद्योगले घरेलु बजारको पुनरुत्थानको माध्यमबाट विनिर्माण आधारको रूपमा आफ्नो आधार कायम राख्न सक्ने सुनिश्चित गर्न व्यापक समर्थन उपायहरूका लागि अनुरोध गर्दछौं ।' *रासस/एएफपी*

## Office of the Rural Municipal Executive

*Soru Rural Municipality, Jima, Mugu*

## Invitation for Bids

**Invitation for Bids No: SRM/MUGU/NCB/WORKS/RC-01/2081-082**
**Date of publication: 4th April, 2025 (2081 Chaitra 22)**

1. ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** invites Electronic bids from Nepalese eligible bidders for the construction of ***Roadway Excavation and gabion works of Bukalna dekhi Sirupata Sadak Nirman*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 6,524,326.61 (excluding VAT and PS).
2. A complete set of Bidding Documents may be purchased from the online portal of PPMO by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till ***4th May, 2025 (2082 Baishakh 21)*** 12:00 noon
   Information to deposit the **cost of bidding document** in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Sorukot, Mugu
   Name of Office: Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu
   Office Code no.: 80106303
   Office Account no.: 4510100301010002
   Name of account: Soru Ga.Pa.(Ga-1-1)-Antarik Rajaswa Rajaswa (revenue) Shirshak no. : 14229
   Bid document Fee: 3000/-
   For Bid security (In case of cash deposite) Deposit Account No. 4010100303000002
   Name of account: Soru Ga.Pa.(Ga-3-1)-Dharauti Khata
3. Pre-bid meeting shall be held at ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** at **23rd *April, 2025 10:00am (2082 Baishakh 10)***
4. Electronic bids must be submitted to Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu through PPMO website www.bolpatra.gov.np/egpon. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***4th May, 2025 (2082 Baishakh 21)*** **13:00** at Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu.
6. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***1,70,000/-***, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 1st September, 2025) (2082 Bhadra 16***).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidders may obtain further information and inspect the Bidding Documents at **Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, ito.sorumun@gmail.com, 9858366277, 9844905742** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**कतारमा रोजगार** कम्पनी : Subcon General Contracting W L L

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ LT. No. 321515 चलानी नं. ६०२३५६४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 4 | 0 | 1000 | ३७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 15 | 0 | 1000 | ३७,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २९ गते (11th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 321515 मिति: २०८१/१२/२२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

License No. : 646/063/064

**Career International Services [P.] Ltd.**
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**मलेसियामा रोजगार** कम्पनी : SEKAWAN SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२२ LT. No. 321519 चलानी नं. ६०२३५६६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 75 | 0 | 1700 | ५२,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dulsco Human Resources Pvt. Ltd.**
Dhumbarahi-4, Nepal. Tel: +977- 014547688, Mobile: 980-3061585, 9810724629, 9818582218, 9841422940, 9860821120
9811193498, 9849942410, 9808974040, Email: dulscohr500@gmail.com, info@dulscohr.com.np, Web: www.dulscohr.com.np

श्रम ईजाजत नं. ५००/०६१/०६२

**युएइमा रोजगार** कम्पनी : K B K AYYAN ELECTROMECHANICAL WORKS

पूर्व स्वीकृति मिति : २०८१/१२/२२ LT. No. 321564 चलानी नं. ६०२३५६५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1200 | ४४,५८८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Reinforce Fitter Assistant | 1 | 0 | 1200 | ४४,५८८९ | | | | | | | |
| 3 | Steel Fixer | 1 | 0 | 1200 | ४४,५८८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३० गते (12th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Eurocross International Pvt. Ltd.**
Airport, Sinamangal-09, Kathmandu, Nepal, Tel: +977-9813287381, 9801101353

श्रम ईजाजत नं. ९९५/०६८/०६९

## Soru Rural Municipality

## Office of the Rural Municipal Executive

**Jima, Mugu**

## Invitation for Sealed Quotation

**Date of publication: 4th April, 2025 (2081 Chaitra 22)**

1. The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu invites sealed quotations from registered Suppliers for following projects.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, 9858366277, 9844905742, ito.sorumun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidder shall submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **Name of the Bank: Rastriya Banijya Bank, Sorukot, Mugu**
   **Name of Office: The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu**
   **Office Code no.: 80106303**
   **Office Account no.: 4510100301010002**
   **Rajaswa (revenue) Shirshak no.: 14229**
4. Sealed bids must be submitted to the office The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu through e-GP system i.e www.bopatra.gov.np/egp on or before 19th April, 2025 (6th Baishakh 2082) 12:00 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19th April, 2025 (6th Baishakh 2082)] 13:00 at the office of The office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 30,000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 3rd July 2025 (19th Ashar 2082)). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 4510100303000002 at Rastriya Banijya Bank, Sorukot, Mugu and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Contract Identification Number | Description of Works | Bid Document Fee NRs. | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1. | SRM/MUGU/SQ/GOODS/ LISP/WR03/2081-082 | The procurement, supply and delivery of Non-local Construction Materials for Ghatkuna Sinchai Ayojana | 1000 | 30,000/- | |
| 2. | SRM/MUGU/SQ/GOODS/ LISP/WR04/2081-082 | The procurement, supply and delivery of Non-local Construction Materials for Ghihapani dekhi Purumuru Sadak Chhetrako Marmat tatha Starunnati | 1000 | 30,000/- | |

**Chief Adminstrative Officer**

## Soru Rural Municipality

## Office of the Rural Municipal Executive

**Jima, Mugu**

## Invitation for Bids

**Date of publication: 4th April, 2025 (2081 Chaitra 22)**

1. ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** invites Electronic bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be purchased from the online portal of PPMO by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till ***4th May, 2025 (2082 Baishakh 21)*** 12:00 noon.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Rastriya Banijya Bank, Sorukot, Mugu**
   **Name of Office: Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu**
   **Office Code no.: 80106303** **Office Account no.: 4510100301010002**
   **Name of account: Soru Ga.Pa.(Ga-1-1)-Antarik Rajaswa**
   **Rajaswa (revenue) Shirshak no. : 14229** **Bid document Fee: 3000/-**
   **For Bid security (In case of cash deposite)**
   **Deposit Account No. 4010100303000002**
   **Name of account: Soru Ga.Pa.(Ga-3-1)-Dharauti Khata**
3. Pre-bid meeting shall be held at ***Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu*** at **23rd *April, 2025 10:00am (2082 Baishakh 10)***
4. Electronic bids must be submitted to Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu through PPMO website www. bolpatra.gov.np/egpon. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***4th May, 2025 (2082 Baishakh 21)*** **13:00** at Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu.
6. Bids must be valid for a period of **90** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid (***i.e. 1st September, 2025) (2082 Bhadra 16***).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bidders may obtain further information and inspect the Bidding Documents at **Office of the Rural Municipal Executive, Soru Rural Municipality, Jima, Mugu, ito.sorumun@gmail.com, 9858366277, 9844905742** or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract Identification Number | Description of Works | Estimated Cost NRs. excluding VAT and PS | Bid Document Fee NRs. | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SRM/MUGU/NCB/WORKS /RC-01/2081-082 | The construction of Roadway Excavation and gabion works of Bukalna dekhi Sirupata Sadak Nirman | 6,524,326.61 | 3000 | 1,70,000/- | |
| 2. | SRM/MUGU/NCB/WORKS /RC03/2081-082 | The construction of Roadway Excavation work of Susane Odar dekhi Bhalate Khola Samma Sadak Nirman | 4,778,665.17 | 3000 | 1,20,000/- | |
| 3. | SRM/MUGU/NCB/ WORKS/RC02/2081-082 | The construction of Roadway Excavation and Bioengineering works of Gaurabedu dekhi Tanja Gaun samma ko Baato Nirman | 6,320,530.34 | 3000 | 1,65,000/- | |

**Chief Adminstrative Officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १७६४०० | ० | १८७० |



**चैते दसैं बागलुङे बजारमा...** | बागलुङको चैते दसैं मेलामा शुक्रबार बिक्रीका लागि राखिएको डाला । बागलुङमा हरेक चैते दसैंमा लाग्ने मेला अत्यन्तै लोकप्रिय बजारका रूपमा मानिन्छ । *तस्बिर : खेमराज गौतम/रासस*

## 'गलैंचा उद्योगले मुलुकको आर्थिक क्षेत्रमा पुऱ्याएको योगदान महत्त्वपूर्ण'

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाली गलैंचा उद्योगले मुलुकको आर्थिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताएका छन् ।

शुक्रबार आयोजित नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता सङ्घको सातौं वार्षिक साधारणसभामा तथा तेस्रो अधिवेशनमा मन्त्री भण्डारीले स्वदेशमा रोजगारी सिर्जना गर्ने र अर्बौं वैदेशिक मुद्रा आर्जन गर्ने उद्योगको विकास, सम्वर्द्धन र प्रवर्द्धनका लागि मन्त्रालयकोतर्फबाट सहयोग रहने प्रतिबद्धता जनाए । उनले भने, 'नेपाली गलैंचा उद्योगले आर्थिक तथा रोजगारीका क्षेत्रमा पुऱ्याएको योगदानलाई बिर्सन सकिँदैन । उद्योगको विकास, सम्वर्द्धन र प्रवर्द्धनका लागि मन्त्रालय सहयोग गर्न कटिबद्ध छ ।'

मन्त्री भण्डारीले लामो समयदेखि तेस्रो मुलुकमा निकासी सुरुआत गरेको लामो इतिहास भएको गलैंचा उद्योगले सरकारको विभिन्न लक्ष्यमा सहकार्य गर्दै आएको भन्दै खुसी व्यक्त गरे । 'उद्योगले वैदेशिक मुद्राआर्जन गरी नेपाली अर्थतन्त्र सवलीकरण, व्यापार सन्तुलन र स्वदेशमा रोजगारी सिर्जना गर्नेलगायत विषयमा योगदान गर्दै सरकारसँग निरन्तर सहकार्य गरिरहेकामा म उद्योगलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दछु', उनले भने ।

राष्ट्रले स्वदेशी उत्पादनको निर्यातलाई प्रोत्साहन गर्ने उद्देश्यले तर्जुमा गरेको नगद प्रोत्साहन व्यवस्थालाई गलैंचा उद्योगको हकमा सरल र सहज बनाउने कार्यमा मन्त्रालय तत्पर रहेको मन्त्री भण्डारीले जानकारी दिए । गलैंचा उद्योगसँग भएको पटकपटकको छलफलअनुसार निर्यात लोन, कर सम्बन्धमा सहजीकरण र मूल्य अभिवृद्धि करका कारणले उद्योगमा पर्न गएको समस्याका विषयमा मन्त्रालयको ध्यानाकर्षण भएको उनले बताए ।

उनले भने, 'लोन, कर सम्बन्धमा सहजीकरण र मूल्य अभिवृद्धि (सरकारबाट फिर्ता गर्ने प्रक्रिया झन्झटिलो र ढिला भएका) ले उद्योगलाई केही समस्या भएको बुझेका छौँ । उक्त विषयलाई सम्बन्धित निकायमा उठानगरी हरसम्भव परिणाममुखी बनाउन मन्त्रालय तत्पर छ ।' मन्त्री भण्डारीले संघको साधारणसभा तथा अधिवेशनको सफलताका साथै तेस्रो अधिवेशनबाट चुनिएर आउनुभएका नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई बधाई तथा नयाँ कार्यकालको शुभकामनासमेत व्यक्त गरेका थिए ।

# 'निजी क्षेत्रलाई सहज हुने गरी कानुन निर्माण हुन्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सरकार निजी क्षेत्रलाई सहज हुने गरी कानुन निर्माणमा लागेको बताएका छन् ।

तमोर इनर्जी प्रालिले ताप्लेजुङको तमोर नदीमा निर्माण गर्न लागेको २८५ मेगावाटको जलविद्युत् केन्द्रमा प्रयोग गरिने टनेल बोरिङ मेसिनबारे चाइना रेल्वे इञ्जिनियरिङ कम्पनीसँग गए राति आयोजित हस्ताक्षर समारोहमा मन्त्री खड्काले निजी क्षेत्रलाई अगाडि बढाएर सरकारले ऊर्जा क्षेत्रको विकास गर्न चाहेको बताएका हुन् ।

'सरकार निजी क्षेत्रलाई सहज हुने गरी कानुन निर्माण गर्ने र निजी क्षेत्रबाट धेरैभन्दा धेरै कर लिएर मुलुक समृद्ध बनाउन चाहन्छ, निजी क्षेत्रलाई साथमा लिएर मुलुक समृद्ध हुन्छ भनेर हामीले द्रुत गतिमा अध्यादेशमार्फत कानुन ल्याएका हौँ', उनले भने ।

मन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको उल्लेख गर्दै उक्त लक्ष्यलाई पूरा गर्न टनेल बोरिङ मेसिनजस्ता प्रविधिबाट मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले स्रोतको प्रयोग गरेर जलविद्युत् केन्द्र निर्माण गर्दैगर्दा स्थानीयस्तरमा रोजगारी समेत सिर्जना हुने बताए ।

'स्रोतमाथिको अधिकार सबै नागरिकको बराबर हुन्छ, विपन्न वर्गले पनि स्रोतको उपयोग गर्न पाउनुपर्छ भनेर सरकारले गरिब तथा विपन्न वर्गका लागि जलविद्युत् आयोजनालाई धरौटी राखेर रु दुई लाखदेखि रु पाँच लाखसम्मको शेयरको व्यवस्था गर्न लागेको छ, यसमा निजी क्षेत्र पनि आबद्ध हुनुपर्छ', मन्त्री खड्काले भने । एउटा वर्ग र समुदाय धनी भएर मुलुक समृद्ध बन्न नसक्ने उनको भनाइ थियो ।

भारत र चीनको बीचमा रहेको नेपालले दुवै देशका लगानीकर्तालाई भित्र्याएर फाइदा लिनुपर्ने मन्त्री खड्काले उल्लेख गरे । नेकपा (एमाले) का सचिव योगेश भट्टराईले २०४६ सालको परिवर्तनपछि सरकारले लिएको नीतिका कारण ऊर्जा क्षेत्रको विकास तीव्र गतिमा भइरहेको बताए । नेपालको ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उनले उल्लेख गरे । सचिव भट्टराईले तमोर आयोजनाको निर्माणसँगै ताप्लेजुङ जिल्ला, सिङ्गो कोशी प्रदेश र मुलुकलाई नै फाइदा हुने बताए ।

तमोर इनर्जी प्रालिका अध्यक्ष पुष्पज्योति ढुङ्गानाले नेपालमा वर्तमान समयमा भइरहेको लोडसेडिङ अन्त्यका लागि यो आयोजनाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । आगामी चार वर्षभित्र सक्ने लक्ष्यका साथ उक्त आयोजना रु ५१ अर्ब लगानीमा निर्माण हुन लागेको हो । जसमा रु १२ अर्ब लगानीकर्ता, रु आठ अर्ब पब्लिक शेयर, रु २९ अर्ब बैंक तथा वित्तीय संस्थाबाट र बाँकी रु दुई अर्ब बत्ती बलेपछि भुक्तानी गर्ने गरी लगानी जुटाइएको छ ।

चाइना रेल्वे इञ्जिनियरिङ कम्पनीका प्रतिनिधि लु सियारुङले सबैको साथ र सहयोग लिएर उक्त आयोजनालाई समयमै सम्पन्न गरिने बताए । उनले नेपालको आर्थिक विकासमा आफ्नो कम्पनीले निरन्तर काम गरिरहेको उल्लेख गरे । उक्त कम्पनीले हालसम्म एक सयभन्दा बढी जलविद्युत् आयोजना निर्माण गरिसकेको छ ।

## कर्पोरेट

### ग्लोबल आइएमईका कार्ड होल्डरलाई सेल्सवेरीमा क्यासब्याक

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडका कार्डवाहक ग्राहकहरूले सेल्सबेरी स्टोरमा १० प्रतिशतसम्म क्यासब्याक पाउनेछन् । यससम्बन्धी समझदारी पत्रमा ग्लोबल आइएमई बैंकको तर्फबाट ट्रान्जेक्शन बैंकिङ विभागका सेल्स एण्ड विजनेस प्रमुख प्रकाश पौडेल र सेल्सबेरीका प्रमुख कार्यकारी अधिकृत शुशिलमान प्रधानाङ्गले हस्ताक्षर गरेका छन् । यस समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक ग्राहकहरूले मुलुकभर रहेका सेल्सबेरीका ३७ वटै स्टोरहरूमा पोइन्ट अफ सेल (पस) मेशिनमार्फत गरिने कारोबारमा प्रत्येक हप्ताको शुक्रबार १० प्रतिशत वा अधिकतम् रु. २०० सम्मको क्यासब्याक पाउनेछन् ।


ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८५ एटिएम, २२१ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

### कुमारी बैंकको २४ औं वार्षिकोत्सव

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले विभिन्न कार्यक्रमहरू आयोजना गरेर आफ्नो २४ औं वार्षिकोत्सव मनाएको छ । यस वार्षिकोत्सवको अवसरमा कुमारी बैंक लिमिटेडले आफ्ना सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरूलाई कृतज्ञता ज्ञापन गर्दै आफ्नो सफलतामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण ग्राहकवर्गहरूको सहयोग तथा विश्वासप्रति हार्दिक आभार व्यक्त गरेको छ । कुमारी बैंक लिमिटेड देशकै अग्रणी बैंक बन्ने आफ्नो परिकल्पना तथा योजना अनुरूप आफ्ना ग्राहकहरूलाई उत्कृष्ट बैंकिङ्ग सेवा तथा वित्तीय सुविधाहरू प्रवाह गर्नका लागि हरदम प्रतिबद्ध छ ।

कुमारी बैंकको २४ औं वार्षिकोत्सवको अवसरमा कर्मचारीलाई आ-आफ्नो परम्परा र सांस्कृतिको महत्व दर्शाउन 'परम्परागत भेषभुषा' पहिरन गर्न प्रोत्साहित गरेको छ । यस कार्यक्रमले कर्मचारीहरूलाई आफ्नो परम्परागत पृष्ठभूमिको प्रतिनिधित्व गर्ने पोशाक मार्फत सांस्कृतिक पहिचान तथा सम्बर्धन गर्न मद्दत पुऱ्याएको विश्वास लिएको छ । विविध सांस्कृतिक परम्परालाई अंगाल्दै, बैंकले आफ्नो कार्यक्षेत्रमा 'विविधतामा एकता'लाई जोड दिएको छ । विगत २४ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिँदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१६ एटिएम, ५० एक्सटेन्सन काउन्टर




तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

### स्टडी ग्रुपका सीईओ क्राइटनको नेपाल भ्रमण

**काठमाडौं (प्रस)–** स्टडी ग्रुपका सीईओ इयान क्राइटनले सफलतापूर्वक नेपाल भ्रमण गरेका छन् । युनिभर्सिटी अफ हडर्सफिल्डसित भएको साझेदारीद्वारा लन्डनमा आधारित क्याम्पस स्थापना गर्ने सम्झौतापछि भएको सीईओ क्राइटनको यस भ्रमणले विश्वकै उत्कृष्ट विद्यार्थी सहर लन्डनमा नेपाली विद्यार्थीहरूका लागि शैक्षिक अवसरहरू विस्तार गर्ने स्टडी ग्रुपको प्रतिबद्धतालाई थप सशक्त बनाएको छ ।

युनिभर्सिटी अफ हडर्सफिल्ड आफ्नो विस्तृत पाठ्यक्रम र विद्यार्थीहरूलाई प्रदान गरिने उच्च स्तरीय सहयोगका लागि प्रसिद्ध छ । स्टडी ग्रुप गर्वसित नेपालका विद्यार्थीहरूलाई यो उत्कृष्ट शिक्षा, सहयोग, मार्गदर्शन र अन्य अन्तर्राष्ट्रिय स्रोतहरू उपलब्ध गराउन तयार छ जसले तिनीहरूलाई विश्वव्यापी शिक्षा हासिल गर्न सहयोग गर्नेछ । नयाँ अवसरहरूमा व्यवस्थापन, अन्तर्राष्ट्रिय व्यापार, कम्प्युटिङ, मार्केटिङ जस्ता मास्टर कार्यक्रमहरू समावेश हुनेछन् साथै विद्यार्थीहरूको शैक्षिक लक्ष्य हासिल गर्न असाधारण परामर्श र निर्देशन पनि प्रदान गरिनेछ ।

उक्त कार्यक्रममा लन्डनको शैक्षिक केन्द्रमा विकास भइरहेको युनिभर्सिटी अफ हडर्सफिल्डको नयाँ क्याम्पसबारे छलफल गरिएको थियो । यो क्याम्पस एक नवीनतम सम्पत्ति विकास परियोजनाको केन्द्रमा अवस्थित हुनेछ जसका कारण विद्यार्थीहरूले उत्कृष्ट वातावरणमा आफ्नो अन्तर्राष्ट्रिय अध्ययन गर्न सक्नेछन् ।

### दिपलको पहिलो वर्ष उपलब्धीमूलक

**काठमाडौं (प्रस)–** नेपालको नेतृत्वदायी लक्जरी इभी ब्रान्ड दिपलले आफ्नो पहिलो वर्ष उल्लेखनीय उपलब्धी र महत्वपूर्ण कोशेढुंगाहरू हासिल गरेर मनाएको छ । नेपालमा सार्वजनिक गरेको एक वर्षमै दिपलले आठ सयभन्दा बढी ग्राहकको मन र विश्वास जितेर आफूलाई नेपालको १ नं को लक्जरी इभी ब्रान्डका रूपमा स्थापना गर्न सफल भएको छ । ग्राहकहरूको बेजोड साथ र सहयोगबाट एमएडब्लु वृद्धि अटोकर्पले दिपललाई 'इलेक्ट्रिक मोबिलिटी र इनोभेसन'मा आफूलाई स्थापित गरेको हो । पहिलो वर्ष दिपलले दिपल एस०७, दिपल एल०७, दिपल एस०७ एल र दिपल ई०७ गरी चार प्राविधिक रूपमा उच्च कोटीको इभी मोडेल सार्वजनिक गरेको छ । यी इभीहरूमा उपलब्ध 'जेस्चर कन्ट्रोल', 'एआर-एचयुडी', 'सनफ्लावर टचस्क्रिन' जस्ता १० भन्दा बढी 'इन्डस्ट्री-फर्स्ट' फिचरहरूको माध्यमबाट दिपलले इभीबाट ग्राहकले गर्ने अपेक्षालाई पुन-परिभाषित गरेको छ ।




एमएडब्लु वृद्धिले हाल नेपालका ९६ भन्दा बढी स्थानमा चार्जिंग स्टेसन संचालन गर्दै आएको छ जुन नेपालकै सबैभन्दा ठूलो सञ्जाल हो । यसअवधिमा दिपलले नेपालका लोकप्रिय क्रिकेट आइकन तथा पूर्व कप्तान पारस खड्कालाई आफ्नो आधिकारिक 'ब्रान्ड एम्बास्डर'का बनाएको छ भने नीति शाह, सन्दिप क्षेत्री, प्रतिश जिसी, सुशान्त केसी, स्वेता खड्का, जोन चाम्लिंग राई जस्ता देशका ३० भन्दा चर्चित सेलिब्रिटी र खेलाडीले दिपललाई आफ्नो यात्राको साथी बनाएको छ ।

### गरिमा विकास बैंक र दराजबीच सम्झौता



**काठमाडौं (प्रस)–** गरिमा विकास बैंक लिमिटेडको डेबिट/क्रेडिट कार्ड प्रयोग गरी दराजबाट सामान खरिद गर्दा १५ प्रतिशत सम्म छुट प्रदान गर्ने गरी गरिमा विकास बैंक लिमिटेड र दराजबीच सम्झौता सम्पन्न भएको छ । नयाँ वर्ष २०८२ लाई मध्यनजर गरी विकास बैंकले यो छुट योजना सार्वजनिक गरेको हो । यस छुट योजना अन्तर्गत विकास बैंकका क्रेडिट कार्डहोल्डर ग्राहकहरूले दराजको बेवसाईट वा मोबाईल एपमार्फत कुनै पनि सामान खरिद गर्दा १५ प्रतिशत वा अधिकतम रु.७५० सम्म र डेबिट कार्ड होल्डर ग्राहकहरूले १० प्रतिशत वा अधिकतम रु.५०० सम्म छुट प्राप्त गर्नेछन् ।

छुट योजना २०८१ चैत्र २२ गतेदेखि सुरु भई २०८१ चैत्र ३१ गतेसम्म लागू हुनेछ । गरिमा विकास बैंकका कार्डहोल्डर ग्राहकहरूले यस योजना सुरु भएपश्चात दराजको बेवसाईट वा मोबाईल एपमा उपलब्ध हुने यस विकास बैंकको नाँउको भौचर संकलन गरी छुट प्राप्त गर्न सक्नेछन् ।

### मुक्तिनाथ र साउथवेस्ट्रनबीच सम्झौता



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक र साउथवेस्ट्रन बिजनेश कलेज बीच बैंकिङ साक्षरता र व्यवसाय आदनप्रदान गर्ने उद्देश्यले सम्झौतापत्रमाहस्ताक्षर भएको छ । यस सम्झौता अनुसार, बैंकले कलेजका विद्यार्थीहरूलाई बैंकिङ साक्षरता कार्यक्रम प्रदान गर्नेछ, जसद्वारा विद्यार्थीहरूले आधुनिक बैंकिङ प्रणाली, वित्तीय योजना र लगानीका बारेमा ज्ञान प्राप्त गर्न सक्नेछन् । साथै, बैंकले योग्य विद्यार्थीहरूलाई इन्टर्नशिप र प्रशिक्षणको सुविधा पनि उपलब्ध गराउनेछ । जसले गर्दा कलेजका विद्यार्थीहरूको क्षमता विकास गर्ने, वित्तीय जागरण तथा विद्युतिय कारोबार को जोखिमको बारेमा सचेतना बढाउने र रोजगारीको अवसर समेत प्राप्त गर्न सकिनेछ ।

यस सम्झौताले बैंक र कलेजबीच दीर्घकालीन सहकार्यको सुरुवात गरेको छ, जसले गर्दा विद्यार्थीहरूले व्यावहारिक ज्ञान र रोजगारीको अवसर प्राप्त गर्न सक्नेछन् । बैंकले हालै मोवाईल एक फाइदा अनेक लिन सक्ने मुक्तिनाथ फाइदा एप संचालनमा ल्याएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ